बाइबलका शिक्षाहरुको श्रेणी

प्रेरितको बिश्वासको सारको बारेमा एउटा स्व अध्ययन पाठ्यक्रम



# इसाईहरु के बिश्वास गर्दछन्

# इसाईहरु के बिश्वास गर्दछन्

प्रेरितको बिश्वासको सारको बारेमा

एउटा स्व अध्ययन पाठ्यक्रम

Multi-Language Productions
Bringing the Word to the World

मुलपाठ पादरीहरुको संस्थागत समुदायको आज्ञाले विस्कान्सिन इभेन्जिलिकल लुथरन सिनेडद्धारा उत्पादन गरिएको हो ।

कपिराईट © १९९६

विस्कान्सिन इभेन्जिलिकल लुथरन सिनेडको बहुभाषा प्रकाशन द्धारा मुलपाठ अनुकरण

रङ्गिन तथा सादा दृष्यहरु ग्लेन मार्यसको कार्यहो । ग्लेन मार्यसको दृष्टान्तको अधिकार नर्थ वेर्स्टन पब्लिसिङ्ग हाउसले सुरक्षित राखेको छ ।

धर्मग्रन्थ पवित्र बाइबल, न्यू इन्टरनेसनल रिर्डस भर्सन बाट लिइएको हो ।

कपिराईट © १९९६, १९९८ इन्टरनेशनल बाइबल सोसायटीको अनुमतीले प्रयोग गरिएको हो ।

पुस्तक : ५

नेपाली अनुवाद: बि. आर. जोशी

# ❧ विषय सुची


| | |
|---|---|
| प्रारम्भमा | १ |
| अध्याय एक बिश्वासको सार के हो ? | ३ |
| अध्याय दुई त्रिएकत्व के हो ? | १५ |
| अध्याय तीन पिता परमेश्वर | २९ |
| अध्याय चार पुत्र परमेश्वर | ४५ |
| अध्याय पाँच पवित्रआत्मा परमेश्वर | ७१ |
| शब्दावली | ९४ |
| अध्याय जाँचको उत्तरहरु | ९९ |
| अन्तिम जाँच | १०१ |

# ०२ प्रेरितको बिश्वासको सार

म बिश्वास गर्दछु एक परमेश्वर सर्वशक्तिमान पिता स्वर्ग र पृथ्वी सृष्टि गर्नुहुने माथि । अनि उहाँको एकले पुत्र हाम्रा प्रभु येशूख्रीष्ट माथि, जो पवित्रआत्माको शक्तिद्धारा गर्भधारण हुनुभयो, कन्ये मरियम देखि जन्मनुभयो, जसले पन्तियस पिलातुसको अधिकारमा दुःख भोग्नुभयो, क्रुसमा टाङ्गिनुभयो, मारिनुभयो, अनि गाडिनुभयो, आत्मलोकमा उत्रनुभयो, तेस्रो दिनमा मरेकाहरुबाट बिउँतनुभयो । स्वर्गमा चढीजानुभयो । सर्वशक्तिमान ईश्वर पिताको दाहिने हातपट्टि बस्नुभएकोछ । जहाँदेखि उहाँ जिउँदा र मरेकाहरुको न्याय गर्नलाई आउनुहुनेछ ।


म बिश्वास गर्दछु, पवित्रआत्मा माथि । पवित्र बिश्व मण्डली माथि । पवित्रहरुको संगतीमाथि, पापमोचन माथि, शरिरको पुनरुत्थानमाथि र अजम्मरी जीवन माथि । आमिन्

# ♢ प्रारम्भमा

यो पुस्तकले परमेश्वरको बारेमा केही उत्साहपुर्ण कुराहरु सिक्न मद्दत गर्नेछ । प्रत्येक अध्याय सानो ताराले (✶) संकेत गरेको उद्देश्यहरुको सूचिबाट सुरुहुन्छ । तब तपाईले केहि हरफहरु पढ्नुहुनेछ र प्रश्नहरुको उत्तर लेख्नुहुनेछ । अध्यायको अन्तमा त्यहाँ एउटा जाँच छ । जाँचमा तपाईले अध्ययन गरेको पाठबाटमात्र प्रश्नहरु सोधिएकोछ । जब तपाई प्रश्नहरुको समूहको उत्तर लेखिसक्नुहुन्छ, तपाईलाई दिइएको पेज नं. मा गएर तपाई आफ्नो उत्तरहरु जाच्न सक्नुहुन्छ । तपाईले त्यो पेज खोल्नुभयो भने पेजको सबभन्दा मुनी प्रश्नको उत्तरहरु पाउनुहुनेछ ।

तपाईका उत्तरहरुलाई होसियारी पुर्वक जाँच्नुहोस । तपाईले कुनै तृटि गर्नुभएकोछ भने सच्याउनुहोस । अरु अध्याय सुरु गर्नुभन्दा पहिले तपाई सबै उत्तरहरु सम्भिmराख्न निश्चित हुनुहोस । पुस्तकको अन्तमा एउटा अन्तिम जाँच छ । तपाईले यो जाँच पुरा गर्नुभन्दा पहिले तपाईले अध्यायका जाँचहरुलाई दोहरयाउनुहोस । जब तपाई अन्तिम जाँच पुरागर्नुहुन्छ, तपाईलाई यो पुस्तक दिने व्यक्तिलाई यो परिक्षापत्र बुझाउनुहोस वा यो पुस्तकको पछाडी लेखिएको ठेगानामा पठाउनुहोस ।
तपाई बाइबल अध्ययन श्रखलाको अरु पुस्तकहरु मागेर पढ्न सक्नुहुन्छ । बाइबल अध्ययन श्रंखलाका पुस्तकरुको सूचि यो पुस्तको पछाडीको पेजमा छ ।

येशूको बारेमा र उहाँले जे गर्नुभयो त्यसको बारेमा अझ बढी जान्न परमेश्वरले तपाईलाई सहायता गरुन् ताकि तपाई उहाँसंगै सदासर्वदा रहन सक्नुभएको होस ।



येशू आफ्नो आउँदैहुनुहुन्छ भन्ने थाहा पाएर जखायस खुशी भयो ।

अध्याय एक

# बिश्वासको सार के हो ?

अदालतको सोधपुछको समयमा त्यहाँ धेरै प्रकारका साक्षीहरु हुन्छन् । साक्षी भनेको त्यो हो, जसले आफुले जानेको कुरा र बिश्वास गरेको कुरा भन्दछ । अदालतमा उ, आफुले सत्य बोलिरहेको छ भन्ने कुराको सपथ लिन्छ । उसले जे देख्यो र जे थाहा पायो त्यहि भनिरहेको हुन्छ ।

इसाईहरु पनि साक्षीहरु हुन् । तिनीहरुले जे परमेश्वरको बारेमा थाहा पाएका छन् त्यहि भन्दछन् । तिनीहरुले यो कुरा तिनीहरुको आफनो शब्दमा भन्न सक्छन् । सायद तिनीहरु यो कुरा आफ्ना साथीहरु संग कुरागर्दा गर्न सक्छन् । तर तिनीहरु प्रेरितको बिश्वासको सारलाई भनेर साक्षी दिइरहेका हुन्छन् ।

यो पुस्तकमा तपाई प्रेरितको बिश्वासको सारको बारेमा सिक्नुहुनेछ । यसमा भएको शब्दको अर्थ के हो तपाईले पत्ता लगाउनुहुनेछ । यो किन यति धेरै महत्वपुर्ण छ तपाईले पत्ता लगाउनुहुनेछ । यस अध्यायमा हामी प्रेरितको बिश्वासको सारलाई परिचित गराउनेछौ । यस पाठको अन्त्यमा तपाई थाहा पाउनुहुनेछ ।

- विश्वासको सार के हो
- प्रेरितहरु को थिए र
- इसाईहरुको लागि प्रेरितको बिश्वासको सार किन महत्वपुर्ण छ ।

बिश्वासको सार (क्रिड) भन्ने शब्द अस्वभाविक शब्द हो, यो प्राय गरेर प्रयोग हुदैन् । यो ल्याटिन भाषाबाट आएको शब्दहो । ल्याटिन शब्द केडो को सामान्य अर्थ म बिश्वास गर्दछु भन्ने हो ।

बिश्वासको सार त्यो हो जे तपाई बिश्वास गर्नुहुन्छ । अझै यो त्यो भन्दा पनि बढी हो । जे भएपनि तपाई पृथ्वी गोलो छ, पानीले भिजाउँछ भन्ने कुरामा बिश्वास गर्नुहुन्छ । तपाई यस्ता धेरै कुरामा बिश्वास गर्नुहुन्छ । तपाईले यि सबै कुराहरुलाई बिश्वासको सार भन्नुहुन्न् । बिश्वासको सार त्यो बिश्वास हो, जसले तपाईको जीवनमा फरक ल्याउँछ । यसले तपाईले भन्नेकुरामा र तपाईको व्यवहारमा असर गर्दछ ।

१. बिश्वासको सार भन्ने शब्द ल्याटिन भाषाबाट आएको शब्दहो जसको अर्थ ........ .............. भन्ने हो ।

२. बिश्वासको सार त्यो हो जे तपाई ........................ गर्नुहुन्छ ।

३. बिश्वासको सार त्यो बिश्वास हो, जसले तपाईको जीवनमा ............. ल्याउँछ ।

पेज नं. ६ मा हेरेर तपाईका उत्तरहरु जाँच्नुहोस ।

बिश्वासको सार भन्ने शब्दले तपाईको बिश्वासलाई मात्र जनाउँदैन् । तपाई जे बिश्वास गर्नुहुन्छ त्यसको लिखित अनुच्छेदलाई पनि यसले जनाउँछ । यस्तो लिखित अनुच्छेदलाई पनि बिश्वासको सार भनिन्छ ।

प्रेरितको बिश्वासको सार पनि यस्तै प्रकारको लिखित बिवरण हो । परमेश्वरको बारेमा इसाईहरुका धेरै भरोसाहरु छन् । तपाई ति भरोसाहरुलाई तिनीहरुको बिश्वासको सार भन्न सक्नुहुन्छ । तर हाम्रो पनि केहि लिखित हामो इसाई बिश्वासको लिखित बिवरण छ । तिनीहरुलाई बिश्वासको सार भन्दछन् । तिनीहरु

मध्य सबैभन्दा उत्तम प्रकारले जानिएको चाहिँ प्रेरितको बिश्वासको सार हो ।

४. बिश्वासको सारको अर्थ तपाईको बिश्वासको एउटा लिखित ........... पनि हो ।

५. परमेश्वरको बारेमा भएको एउटा इसाईको भरोसालाई उसको .................. भन्न सकिन्छ ।

६. सबैभन्दा उत्तम प्रकारले जानिएको इसाईहरुको बिश्वासको सार चाहिँ ........................ .............. हो ।

पेज नं. ८ मा तपाईका उत्तरहरु जाँच्नुहोस ।

बिश्वासको सार भनेको के हो हामी जान्दछौ । यो हामी जे बिश्वास गर्दछौ त्यसको लिखित बिवरण हो । तब प्रेरितहरु को हुन त ?

येशूको समयमा प्रेरित शब्दको अर्थ त्यो व्यक्ति हो जुन चाहिँ पठाइएको हो । उदारहरण को लागि उ राजाद्धारा पठाइएको हुन्थ्यो । उ सित सन्देश थियो, जुन मानिसहरुले सुनेको राजा चाहान्थ्यो । राजाले उसको राज्य भरि प्रेरितहरु पठाउने गर्दथ्यो । तिनीहरुले मानिसलाई राजाको सन्देश भन्दथे ।

पेज नं. ५ का उत्तरहरु: १.बिश्वास २. बिश्वास ३. भिन्नता

येशूले आफ्ना बाह्र चेलाहरुलाई उहाँका प्रेरितहरु हुनलाई छान्नुभयो । हामी तिनीहरुलाई बाह्र चेलाहरु भनेर पनि भन्दछौ । चेलाको अर्थ पछ्याउने भन्ने हो । समयमा येशूले तिनीहरुलाई पठाउँदै हुनुहुन्थ्यो । तिनीहरु ले येशूले जाने योजना बनाएका गाऊहरुमा जानुपर्ने थियो । तिनीहरुले मानिसहरुलाई येशूको बारेमा बताउनु पर्ने थियो । तिनीहरुले गाऊका मानिसहरुलाई येशूको आगमनको लागि तैयार गर्नुपर्ने थियो ।

जब येशू स्वर्गमा फर्कनुभयो, उहाँ चेलाहरुले निरन्तर रुपमा प्रेरित भएर कार्य गरेको चाहनुहुन्थ्यो । उहाँले तिनीहरुलाई उहाँको सन्देश सारा संसारभरी लैजानुपर्छ भन्नुभयो । उहाँले तिनीहरुसित परमेश्वर हुनुहुनेछ भन्ने प्रतिज्ञा गर्नुभयो । तिनीहरुले सन्देशलाई दुरुस्त राखेका छन् भन्ने कुरामा पमेश्वरले निश्चय गराउँनुहुनेछ ।

तिनीहरुले जब येशूले हाम्रो लागि के भन्नुभयो र गर्नुभयो भन्ने बारेमा प्रचार गर्नेछन् र लेख्नेछन् त्यहाँ तिनीहरुले कुनै तृटि गर्नेछैनन् । तिनीहरुले बाइबलको केही भागहरु लेखे, जसलाई हामी नयाँ नियम भन्दछौ ।

७. प्रेरित त्यो व्यक्ति हो जो ................ हो ।

८. प्रेरित सित उसलाई पठाउने व्यक्तिको ............हुन्छ ।

९. येशूका .................. प्रेरितहरु थिए ।

१०. उहाले तिनीहरुलाई प्रतिज्ञा गर्नुभयो कि ............ तिनीहरुले परमेश्वरको सन्देश दुरुस्त राखेका छन् भन्ने निश्चय गराउनुहुनेछ ।

पेज नं. १० मा हेरेर तपाईका उत्तरहरु जाँच्नुहोस ।

बाह्र जना प्रेरितहरुले प्रेरितको बिश्वासको सारलाई लेखेनन् । यो तिनीहरुको मृत्यू भएपछि लेखिएको हो । तर यसलाई प्रेरितको बिश्वासको सार भनिन्छ किनकि यो बिश्वासको त्यो विवरण हो, जुन तिनीहरुले बाइबलमा सिकाए । प्रेरितहरुले जे भने र लेखे, हामी त्यसलाई बिश्वास गर्दछौ । त्यो बिश्वासलाई हामी प्रेरितको बिश्वासको सार भन्दछौ ।

हामी इसाईहरुको लागि यो बिश्वासको सार धेरै महत्वपुर्ण छ । बिश्वासको सार महत्वपुर्ण हुने त्यहाँ दुईवटा कारणहरु छन् । पहिलोकारण, हाम्रो मस्तिष्कमा हाम्रो बिश्वासको सक्षिप्त जानकारी हुनु उपयोगी हुन्छ ।

पेज नं. ६ का उत्तरहरु: ४.बिवरण ५. बिश्वासको सार ६. प्रेरितको बिश्वासको सार

तपाईको बिश्वासको बारेमा कसैले जान्न चाहन्छ होला । धेरै इसाईहरु यस्तो कुराको जवाफ दिन कठिनाई महसुस गर्दछन् । तिनीहरुलाई थाह हुन्छ कि तिनीहरु बाइबलका कुराहरुलाई बिश्वास गर्दछन्, तर तिनीहरु पुरै पुस्तकलाई कण्ठस्त भन्न सक्दैनन् ।

परमेश्वरमा भएको तपाईको बिश्वासलाई ठिक क्रमबद्ध प्रकारले राख्नु पनि कठिन हुन्छ ।

तर हामीले पुरै बाइबललाई कण्ठस्त गर्नुपर्दैन् । हामीसित प्रेरितको बिश्वासको सार छ । यो छोटो छ र कण्ठस्त गर्नलाई वा सिक्नलाई सजिलोछ । यसले हाम्रो इसाई बिश्वासको सारलाई भन्दछ । यसले "परमेश्वरको बारेमा तपाई के बिश्वास गर्नुहुन्छ भन्ने प्रश्नको राम्रो उत्तर दिन्छ ।

इसाईहरुको लागि प्रेरितको बिश्वासको सार महत्वपूर्ण हुनाको दोस्रो कारण पनि छ ।

हामी एकसाथ आधारना गर्नलाई भेलाहुन आनन्दित हुन्छौ । परमेश्वरको आराधना गर्नु भनेको त्यो समय हो, जुनबेला हामी परमेश्वरले हाम्रो

लागि गर्नुभएका सबैथोकको लागि परमेश्वरलाई धन्यबाद दिन्छौ । यो सङ्गी इसाईहरुसित एकसाथ हुने समय हो । यस्तो आराधना सेवामा हामी अक्सर गरेर प्रेरितको बिश्वासको साथ एकैसाथ भन्दछौ । यसले हाम्रो बारेमा केहिकुरा देखाउँछ । हामी जान्दछौ कि

हाम्रो बिश्वासमा एकैसाथ बाँधिएका छौ । परमेश्वरले हामीलाई परिवार बनाउनु भएकोछ । हामी एउटै बिश्वास बाँड्दछौ । उहाँको बारेमा एउटै बिश्वास । यो देखाउनलाई हामी एकैसाथ बिश्वासको सार भन्दछौ ।

११. .............. हरुले प्रेरितको बिश्वासको सारलाई लेखेनन् ।

१२. प्रेरितको बिश्वासको सार त्यो भरोसाको बिवरण हो जुन तिनीहरुले .............. सिकाए ।

१३. प्रेरितको बिश्वासको सार हाम्रो लागि .................. सजिलो छ ।

१४. यो “ परमेश्वरको बारेमा तपाई के ............. गर्नुहुन्छ भन्ने प्रश्नको राम्रो उत्तर हो ।

१५. हामी बिश्वासको सारलाई अक्सर गरेर ............ सेवामा एकसाथ पढ्दछौ ।

पेज नं. ७ र ८ का उत्तरहरु: ७. पठाइएको ८. सन्देश ९. बाह्र १०. परमेश्वर

१६. यसले हामी हाम्रो ............. द्धारा एकैसाथ बाँधिएका छौ भन्ने देखाउँछ ।

पेज नं. १२ मा तपाईको उत्तरहरु जाँच्नुहोस ।

## अध्याय एकको समालोचना

बिश्वासको सार क्रिड शब्द केडो भन्ने ल्याटिन भाषाको शब्दबाट आएको हो । केडो को अर्थ म बिश्वास गर्छु भन्ने हो । बिश्वासको सार भनेको तपाई जे बिश्वासगर्नु गर्नुहुन्छ त्यो हो । जे भएपनि यो तपाईले यि चिजहरु सत्यछन भन्ने सोचेको भन्दा पनि बढी हो । तपाईको बिश्वासको सार त्यो हो जसले तपाई कसरी व्यवहार गर्नुहुन्छ र कुरा गर्नुहुन्छ भन्ने बारेमा फरक पार्दछ ।

बिश्वासको सार यि भरोसाहरुको लिखित विवरण पनि हुनसक्छ । इसाईहरुसित तिनीहरुको बिश्वासको लिखित विवरण हुन्छ । यसलाई प्रेरितको बिश्वासको सार भन्दछन् ।

प्रेरितहरु येशूले छान्नुभएको बाह्रजना मानिसहरु थिए । उहाँले तिनीहरुलाई केहिकुरा गर्ने जिम्मा दिनुभयो । तिनीहरुले उहाँको सन्देशलाई सम्पूर्ण संसारभरि लैजानुपर्ने थियो । उहाँले परमेश्वर तिनीहरुसित हुनुहुनेछ भन्ने प्रतिज्ञा गर्नुभयो । उहाँले तिनीहरुलाई येशूको सन्देशलाई दुरुस्त राख्न निश्चित गराउनुहुनेछ । जब तिनीहरुले येशूको

बारेमा प्रचार गर्नेछन् वा लेख्नेछन् तिनीहरुले कुनै तृटि गर्नेछैनन् । तिनीहरुले बाइबलको केही भाग लेखे जसले येशूले हाम्रो लागि के भन्नुभयो र के गर्नुभयो भन्ने कुरा सिकाउँछ । यसलाई नयाँ नियम भनिन्छ ।

प्रेरितहरुले प्रेरितको बिश्वासको सार लेखेनन् । तर यो बिश्वासको सार त्यो बिवरण हो जुन तिनीहरुले बाइबलमा सिकाए । यो इसाईहरुको लागि धेरै महत्वपूर्ण भएकोछ । दुईवटा कारणले बिश्वासको सार धेरै महत्वपूर्ण छ । पहिलो, तिनीहरुको लागि यो राम्रो उत्तरहो, जो हामीलाई तपाई परमेश्वरको बारेमा के बिश्वास गर्नुहुन्छ भनेर सोध्दछन् । दोस्रो, यो त्यस्तो कुरा हो जसलाई हामी आराधना सेवामा एकैसाथ कण्ठस्त भन्न सक्छौ । यसले हामीलाई हाम्रो इसाई बिश्वासले परमेश्वरको परिवारमा एकैसाथ बाँधेर राखेकोछ भन्ने देखाउँछ ।

पेज नं. १० र ११ का उत्तरहरु: ११.प्रेरितहरु, १२. बाइबल
१३. कण्ठस्त १४. बिश्वास १५. आराधना १६. बिश्वास

## अध्याय एकको परीक्षा

१. बिश्वासको सार शब्दको अर्थ त्यो ............... हो जसले तपाईको व्यवहार र तपाईको कुरागराईमा फरक ल्याउँछ ।

२. बिश्वासको सार तपाईको भरोसाको ................. विवरण पनि हुनसक्छ ।

३. प्रेरितको बिश्वासको सार ..................को बारेमा हाम्रो भरोसाको विवरण हो ।

४. त्यहाँ ........... जना प्रेरितहरु थिए ।

५. तिनीहरु ............. द्वारा छानिएका थिए ।

६. तिनीहरुको उद्धेश्य उहाँको सन्देश सम्पूर्ण .................. मा लैजानु थियो ।

७. ............. तिनीहरुलाई येशूको सन्देश ठिक राख्न सहायता गर्नुभयो ।

८. तिनीहरुले बाइबलको भाग लेखे, जसलाई हामी ........... ........... भन्दछौ ।

९. प्रेरितको बिश्वासकोसार बिश्वासको त्यो लिखित सार हो जुन प्रेरितहरुले ............... मा सिकाएका थिए ।

१०. यो ..............गर्नको लागि छोटो र सजिलो छ ।

११. यसले हामीलाई " परमेश्वरको बारेमा तपाई के ......... गर्नुहुन्छ ?" भन्ने प्रश्नको राम्रो उत्तर दिन सहायता गर्दछ ।

१२. इसाईहरुले अक्सर गरेर आराधना ........... मा प्रेरितको बिश्वासको सार एकैसाथ कण्ठस्त भन्दछन् ।

१३. यसले हामीलाई परमेश्रको ............. मा एकैसाथ बाँधेर राखेको छ भन्ने कुरा देखाउँछ ।

पेज नं. ९९ मा तपाईका उत्तरहरु जाच्नुहोस ।

अध्याय दुई

# त्रिएकत्व के हो ?

मानिलिनुहोस, कसैले तपाईको बारेमा जान्न चाहान्छ । तपाईको बारेमा कुनै व्यक्तिले सबैथोक जान्न चाहान्छ । तपाई बास्तवमै कस्तो हुनुहुन्छ भनेर त्यो व्यक्तिले कसरी थाहा पाउनेछ ?

त्यो व्यक्तिले तपाईको बारेमा अरु मानिसहरुलाई सोध्न सक्छ । तर तिनीहरु आफ्नो धारणा मात्र दिनेछन् । उसले तपाईको जन्मको बिवरण जाँच्न सक्छ । तर यि कुराहरुले उसलाई तपाईले के गर्नुभयो भन्ने मात्र जानकारी दिनेछन् तर तपाई कस्तो प्रकारको व्यक्ति हो भन्नेबारेमा होईन् ।

त्यो व्यक्तिले तपाईसित कुरा गर्नु पर्दछ । अरुहरुले तपाईलाई चिनेको भन्दा राम्ररी तपाई आफैलाई जान्नुहुन्छ । तपाईले त्यो व्यक्तिलाई पत्र लेख्न सक्नुहुन्छ । तपाई कस्तो हुनुहुन्छ भनेर बताउन सक्नुहुन्छ । तपाईले् त्यो व्यक्तिलाई तपाईको बारेमा सबैकुरा भन्न सक्नुहुन्छ । तबमात्र त्यो व्यक्तिले तपाईको बारेमा बढी जानकारी पाउनेछ ।

परमेश्वरको बारेमा पनि त्यहि सत्यता हो । उहाँ मात्रै एउटा हुनुहुन्छ जसले हामीलाई वास्तवमै उहाँ कस्तो हुनुहुन्छ भन्नेबारेमा भन्न सक्नुहुन्छ । उहाँको बचन बाइबलमा उहाँले हामीलाई आफ्नो बारेमा भन्नुहुन्छ । यस अध्यायमा तपाई यि कुरा जान्नुहुनेछ ।

- त्रिएक र त्रिएकत्व शब्दको अर्थ के हो ? र
- परेश्वरको तीन मध्य प्रत्येक व्यक्तिद्धारा कुन कियाकलापहरु गरिएका छन् भन्नुहोस ।

परमेश्वर कस्तो हुनुहुन्छ भन्ने बारेमा धेरै मानिसहरु अचम्ममा पर्दछन् । धेरै बर्ष पहिले मानिसहरु त्यहाँ धेरै ईश्वरहरु छन् भन्ने कुरामा निश्चित थिए । एउटा परमेश्वरले समुन्द्रलाई नियन्त्रण गरेको छ, एउटाले हावाहुरीलाई नियन्त्रण गरेकोछ, एउटाले प्रेमलाई नियन्त्रण गरेकोछ र यस्तै प्रकारले अरु पनि । केही ठाउँमा मानिसहरुले सयौं ईश्वरहरुलाई पुजा गर्दथे ।

केही ठाउँमा तिनीहरु अझैपनि गर्दछन् । तर बाइबलले हामीलाई भन्दछ कि हामीले धेरै ईश्वरहरुलाई आराधना गर्नुहुदैन् । यसले हामीलाई त्यहाँ एकमात्र परमेश्वर हुनुहुन्छ भन्ने बताउँछ । एक ठाउँमा यसले भन्दछ, "परमप्रभु हाम्रा परमेश्वर एउटै परमेश्वर हुनुहुन्छ" ( व्यवस्था ६:४) । अर्को ठाउँमा परमेश्वर आफैले भन्नुभयो, " परमप्रभु भन्नुहुन्छ, तिमीहरु मेरा साक्षी र मैले चुनेका दासहरु हौ । र तिमीहरुले मलाई चिन्न र बिश्वास गर्न सक, अनि म उही हुँ भनि बुझ्न सक । म भन्दा अघि अरु कोही ईश्वर नै बनिएको थिएन । न ता म पछि कोही हुनेछ । म, हो म नै परमप्रभु हुँ । म बाहेक अरु कोही मुक्तिदाता छैन् । (यशैया ४३:१०..११)

यो बिश्वासले परमेश्वरको मानिसहरुलाई अरु जातिहरुबाट अलग गरिएकोछ । अरु सबै मानिसहरुले त्यहाँ ईश्वरहरु छन् भन्ने बिश्वास गर्दथे । परमेश्वरका मानिसहरुले मात्र त्यहाँ एउटै परमेश्वर हुनुहुन्छ भन्ने कुरा जान्दछन् । तिनीहरुले परमेश्वर एकमात्र हुनुहुन्छ भन्ने कुरा थाहा पाउने एकमात्र कारण यो हो कि परमेश्वरले आफ्नो बचनमा तिनीहरुलाई यो कुरा भन्नुभयो ।

१. धेरै बर्ष पहिले देखि मानिसहरु त्यहाँ ............. ईश्वरहरु छन् भन्ने बिश्वास गर्दथे ।

२. तर .......... ले हामीलाई बताउछ कि त्यहाँ एकमात्र परमेश्वर हुनुहुन्छ ।

३. यो बिश्वासले परमेश्वरका .............. अरु जातिहरुबाट अलग गरेको छ ।

पेज नं. २० को मुनि हेरेर तपाईका उत्तरहरु जाँच्नुहोस ।

यो समयमा परमेश्वरको बारेमा बाइबलले के भन्दछ भन्ने बारेमा मानिसहरु अलमलमा परेका भएता पनि, बाइबल परमेश्वर एकमात्र हुनुहुन्छ भन्ने कुरामा प्रष्ट छ । अझै अरु अरु ठाउँमा तीनवटा छन् भने जस्तो भान पर्दछ ।

बाइबलले पिता परमेश्वरको बारेमा बताउँछ जसले सबै सृष्टिको रचना गर्नुभयो । उदाहरणको लागि प्रेरित पावलले लेखे, “परमेश्वर जसले संसार र त्यसमा भएका यावत थोक बनाउनुभयो, उहाँ स्वर्ग र पृथ्वीका प्रभु भएका हुनाले .... उहाँले एकजना बाट समस्त पृथ्वीमा बास गर्न मानिसको प्रत्येक जाति बनाउनुभयो । ..... हामी निश्चय उहाँकै सन्तान हौ । (प्रेरित १७:२४..२८) ।

बाइबलले पुत्र परमेश्वरको बारेमा पनि हामीलाई बताउँछ । उहाँ येशू ख्रीष्ट हुनुहुन्छ । हामी येशूले परमेश्वरलाई उहाँको पिता भनेर सम्बोधन गरेको धेरै पटक पढ्दछौ । अझै बाइबलले उहाँ परमेश्वर हुनुहुन्छ

भन्ने कुरा बताउँछ । उदाहरणको लागि जब उहाँ मृत्युबाट बौरी उठ्नुभयो, येशूले उहाँको चेला थोमालाई " मेरा प्रभु मेरा परमेश्वर" (यूहन्ना २०:२८) भन्न अनुमनि दिनुभयो ।

बाइबलले पवित्रआत्मा परमेश्वरको बारेमा हामीलाई बताउँछ । बाइबलको पहिलो अध्यायमा परमेश्वरले सबैकुरा बनाउनुभयो भन्ने बारेमा हामीलाई बताउँछ । त्यहाँ हामी पढ्दछौ, परमेश्वरका आत्मा पानीमाथि परिभ्रमण गर्दैहुनुहुन्थ्यो । (उत्पत्ति१:२) । यो परमेश्वरले मानिसहरुलाई सृष्टिगर्नु भन्दा पहिले भएको थियो । त्यसैले यो परमेश्वरको आत्मा हुनुहुन्छ । बाइबलमा यो कुरालाई फेरी फेरी दोहरयाइएकोछ । उहाँलाई परमेश्वरको रुपमा सम्बोधन गरिएको छ ।

४. बाइबलले एकमात्र परमेश्वरको बारेमा बताउछ, र अझै संख्यामा ....... को बारेमा पनि बताउँछ ।

५. यसले .......... परमेश्वरको बारेमा बताउँछ, जसले सबै थोक बनाउनुभयो ।

६. यसले येशू खीष्टको बारेमा बताउँछ, जो .......... परमेश्वर हुनुहुन्छ ।

७. यसले ........ .......... परमेश्वरको बारेमा बताउँछ ।

पेज नं. २२ मा हेरेर तपाईका उत्तरहरु जाँच्नुहोस ।

तब कसरी त्यहि बाइबलले परमेश्वर एउटै हुनुहुन्छ र परमेश्वर तीनवटा व्यक्ति हुनुहुन्छ भनेर कसरी भन्न सक्छ ? र हामी कसरी यसलाई बुझ्न सक्छौ ? र हामी कसरी यसमा बिश्वास गर्न सक्छौ र कहिले हामी यसको अर्थ बुझ्न सकैनौ ?

कसरी एउटै समयमा त्यहि बाइबलले परमेश्वर एउटै हुनुहुन्छ र परमेश्वर तीनवटा व्यक्ति हुनुहुन्छ भनेर कसरी भन्न सक्छ ? बाइबल परमेश्वरको बचन हो । उहाँ कस्तो हुनुहुन्छ भनेर परमेश्वर भन्दा अझ उत्तम प्रकारले कसले जान्न सक्छ ? यदि बाइबलले एउटै समयमा परमेश्वर एकमात्र हुनुहुन्छ र तीनवटा व्यक्ति हुनुहुन्छ भनेर भन्दछ भने त्यो सत्य हुनै पर्दछ । परमेश्वर आफ्नो बारेमा झुटो बोल्नुहुन्न् ।

हामी कसरी यसको अर्थ लगाउन सक्छौ ? हामी सक्दैनौ । हामीले अर्थ लगाउने कोशिष पनि गर्नुहुदैन् । मानिसहरुले धेरै बर्षदेखि अर्थ लगाउने कोशिष गरे तर त्यो गर्न सकेनन् । हामीले परमेश्वरको बचनलाई उहाँ जस्तै हुनुहुन्छ, त्यस्तै प्रकारले लिनु पर्दछ ।

पेज नं. १७ र १८ का उत्तरहरु: १. धेरै २. बाइबल ३. मानिसहरु

केहि मानिसहरुले यो उत्तर मन पराउदैनन् । तिनीहरु यो महसुस गर्दछन् कि तिनीहरु यसलाई बुझ्न सक्दैनन् । तिनीहरु यसमा बिश्वास गर्न सक्दैनन् । र तिनीहरु यसको बारेमा अपरिवर्तित छैनन् । तिनीहरुले यो त्यहि नियमलाई अरु कुराहरुमा लगाउँदैनन् । उदाहरणको लागि हामी मध्य धेरै जनाले रेडियो र टेलिभिजनले कसरी कार्य गर्छ भनेर बुझ्न सक्दैनौ । सायद हाम्रा अस्पष्ट बिचारहरुछन् । यसरी परमेश्वरले उहाँलाई बिश्वासगर्न हामीलाई नदिनुभएको तथ्यलाई हामी बुझ्नसक्दैनौ ।

परमेश्वर एकमात्र हुनुहुन्छ र तीनवटा व्यक्ति हुनुहुन्छ भन्ने तथ्यलाई बुझाउन त्यहाँ एउटा शब्द छ । यो त्रिएक शब्द हो । "त्रि" भनेको तीन र "एक" भनेको एउटा हो । हामी भन्दछौ कि परमेश्वर त्रिएक हुनुहुन्छ । यस भन्दैगर्दा हामी परमेश्वर एक हुनुहुन्छ र परमेश्वर तीनवटा व्यक्ति हुनुहुन्छ भन्दछौ । हामी उहाँलाई तीनवटअ परमेश्वरहरुको रुपमा उल्लेख गर्दैनौ किनकि बाइबलले हामीलाई तीनवटा परमेश्वरहरुको बारेमा बताउँदैन् । एकमात्र परमेश्वर हुनुहुन्छ । उहाँ तीनवटा व्यक्तिमा हुनुहुन्छ: पिता, पुत्र र पवित्रआत्मा । यसलाई हामी त्रिएकत्व भन्दछौ ।

८. बाइबले परमेश्वरको बारेमा जे भन्दछ हामी त्यसलाई बिश्वास गर्दछौ किनकि यो परमेश्वरको ......... बचन हो ।

९. त्यसमा बिश्वास गर्नको लागि हामीले त्यसमा भएको कुरालाई ............. आवश्यक छैन् ।

१०. हामी भन्दछौ, परमेश्वर ............ हुनुहुन्छ, यसको अर्थ उहाँ तीन र एक हुनुहुन्छ ।

११. त्यहाँ एक ................. हुनुहुन्छ जो तीनवटा ............. हुनुहुन्छ ।

पेज नं.२४ मा हेरेर तपाईका उत्तरहरु जाँच्नुहोस ।

बाइबलले हामीलाई त्रिएकत्वको बारेमा धेरै कुराहरु बताउँछ । एउटा कुरा यसले हामीलाई बताउँछ कि तीनवटा व्यक्तित्वहरु सबै समान छन् । तिनीहरु समानरुपमा अनन्त छन् । अनन्तको अर्थ परमेश्वरको सुरुआत छैन् भन्ने हो । यि व्यक्तित्वहरु समानरुपमा शक्तिशाली छन् । तिनीहरु समानरुपमा बुद्धिमान छन् । यिनीहरु समानरुपमा न्यायी र समानरुपमा प्रेमी छन् । तपाई परमेश्वरको एउटा व्यक्तित्व अरु भन्दा महत्वपूर्ण वा अलौकिक छ भनेर भन्न सक्नुहुन्न् ।

पेज १९ र २० का उत्तरहरु: ४. तीन ५. पिता ६. पुत्र ७. पवित्रआत्मा

एक पटकमात्र त्यो वयक्तिको तिम्ति अरु भन्दा कम महिमा हुने समय थियो । त्यो समय त्यतिबेला थियो जब पुत्र परमेश्वर सामान्य मानिसको रुपमा पृथ्वीमा आउनुभयो, उहाँ आफैले त्यो समयको अवधीमा कसरी पिता उहाँ भन्दा महान हुनुहुन्छ भनेर बोल्नुभयो । तर उहाँ मृत्युबाट बौरी उठ्नुभएपछि उहाँ पूर्णरुपमा पिता र पवित्रआत्माको समान महिमामा फर्कनुभयो । उहाँले भन्नुभयो, तब येशू तिनीहरुकहाँ आएर भन्नुभयो, “स्वर्ग र पृथ्वीमा समस अधिकार मलाई दिइएकोछ ।” (मत्ती २८:१८) । सबै तीनवटा व्यक्ति समान छन् । तर हामी प्रत्येकको कियाकलाप सित एकप्रकारले दरिलो गरि सम्बन्धीत छौ । हामी पितासित सबैकुराको सृष्टि र यसको संरक्षणसित वा संसारमा भएका सबैकुराको हेरचाहसित सम्बन्धीत छौ । हामी पुत्रसित हाम्रा पापहरुबाट बचाउने कार्यसित सम्बन्धीत छौ । हामी पवित्र आत्माले परमेश्वरले हाम्रो लागि जे गर्नुभयो त्यसमा भरोसा गर्न दिनुभएको विश्वास सित सम्बन्धीत छौ । यसको अर्थ अरु दुइवटा व्यक्तिले एउटाको कियाकलापसित केहि गर्नुपर्दैन भन्ने होईन् । तर यि कियाकलापहरुमा अरु भन्दा एउटा व्यक्तिको बढी संलग्नता छ ।

१२. परमेश्वरका सबै तीनवटा व्यक्तिहरु ............ छन् ।

१३. सबै तीनवटा व्यक्ति ............ छन् जसको कुनै सुरुआत छैन् र जसको कुनै अन्त छैन् ।

१४. त्यसबेला मात्र पुत्र परमेश्वर अरु दुई व्यक्तित्व भन्दा कम महिमामा हुनुहुन्थयो जब उहाँ साधारण .......... हुनुभयो ।

१५. उहाँ मृत्युबाट बौरी उठ्नुभएपछि पिता र पवित्रआत्माको समान ............ लिनुभयो ।

१६. .............सबै थोकको सृष्टि र संरक्षण गर्नेकुरा सित सम्बन्धीत हुनुहुन्छ ।

१७. ............ हामी सबैलाई हाम्रा पापहरुबाट बचाउने कार्यसित सम्बन्धीत हुनुहुन्छ ।

१८. पवित्रआत्मा हामीलाई परमेश्वरमा ............... दिने कार्य सित सम्बन्धीत हुनुहुन्छ ।

पेज नं.२६ मा हेरेर तपाईका उत्तरहरु जाँच्नुहोस ।

पेज नं.२१ र २२ का उत्तरहरु: ८. बचन ९. बुझ्न १०. त्रिएक ११. परमेश्वर , व्यक्तिहरु

# अध्याय दुईको समालोचना

सम्पूर्ण इतिहास भरि नै मानिसहरुले परमेश्वर कस्तो हुनुहुन्छ भन्ने थाहा पाउने कोशिष गरे । प्रायजसो तिनीहरुले त्यहाँ धेरै ईश्वरहरु छन् भन्ने बिचार गर्दथे । तर बाइबलले हामीलाई त्यहाँ एउटैमात्र परमेश्वर हुनुहुन्छ भनेर बताउँछ । यो बिश्वासले परमेश्वरको मानिसलाई अरु मानिसहरुबाट अलग गर्दछ । तर बाइबलले परमेश्वरको तीनवटा व्यक्तित्वको बारेमा बताउँछ । हामी पिता, पुत्र र पवित्रआत्माको बारेमा पढ्दछौ । परमेश्वर एकमात्र परमेश्वर हुनुहुन्छ, र अझै तीनवटा व्यक्तित्वहरुमा । हामी यसलाई बुझ्न सक्दैनौ । तर हामीलाई केहि कुरामा बिश्वासगर्नलाई त्यसलाई बुझ्नै पर्दछ भन्ने जरुरी छैन् । परमेश्वरको बचनले उहाँ जस्तो हुनुहुन्छ, त्यस्तै कुरा बताउँछ र हामी यसमा बिशस गर्दछौ । परमेश्वर आफ्नै बारेमा झुटो बोल्नुहुन्न् ।

परमेश्वर एकमात्र हुनुहुन्छ र तीनवटा व्यक्तित्वमा हुनुहुन्छ भन्ने कुराको बर्णन गर्न हामी त्रिएक शब्दको प्रयोग गर्दछौ । त्रिएक परमेश्वरलाई त्रिएकत्वको रुपमा बर्णन गर्दछौ । परमेश्वरको प्रत्येक व्यक्तित्व समान रुपमा अलौकिक र शक्तिशाली र बुद्धिमान र निष्पक्ष र प्रेमी हुनुहुन्छ । एउटा भन्दा अर्को व्यक्तित्व कम वा बढी महिमीत छैनन् । पुत्र यस पृथ्वीमा समान्य मानिसको रुपमा आउनुभएको समयमा मात्र उहाँ आफैले उहाँ भन्दा पिता महान हुनुहुन्छ भनेर भन्नुभएको छ ।

तर उहाँ मृत्युबाट बौरी उठ्नुभएपछि फेरि पिता र आत्मा सित समान हुनुभयो ।

हामी परमेश्वरको बिषे कियाकलापद्धारा प्रत्येक व्यक्तिसित सम्बन्धीत छौ । सबै तीनवटा व्यक्तित्वले ति कियाकलापहरु बाड्चुँड गर्नुहुन्छ । तर हामी ती कियाकलापमा अरुभन्दा एउटा बढी संलग्न भएको बिचार गर्दछौ । पिता सबैथोकको सृष्टिगर्ने र संरक्षण गर्ने सित संलग्न हुनुहुन्छ । पुत्र हामीलाई हाम्रा पापहरुबाट बचाउने कार्यसित संलग्न हुनुहुन्छ । पवित्रआत्माले हामीलाई परमेश्वरलाई बिश्वासगर्न सहायता गरेर संलग्न हुनुहुन्छ ।

## अध्याय दुईको जाँच

१. मानिसहरु ........ ईश्वरहरु छन् भन्ने बिशवास गर्दथे ।

२. बाइबलले हामीलाई बताउँछ कि त्यहाँ ........... परमेश्वर हुनुहुन्छ ।

पेज नं. २४ र २३ उत्तरहरु: १२. समान १३. अनन्त १४.मानव १५. समानता १६. पिता १७. पुत्र १८. बिश्वास

३. त्यहि एउटा परमेश्वर तीनवटा व्यक्तित्वमा वर्णन गरिनुभएकोछः ............. ................. र पवित्र ................. ।

४. हामी यसमा बिश्वास गर्दछौं किनकि ............. हामीलाई यो कुरा भन्दछ ।

५. परमेश्वर एकमात्र परमेश्वर हुनुहुन्छ तर तीनवटा ............. पनि ।

६. हामी एकमात्र परमेश्वर तीनवटा व्यक्तित्वमा हुनुहुन्छ भन्ने वर्णन गर्न ............. र ............. शब्दको प्रयोग गर्दछौं ।

७. यि तीनवटा व्यक्तित्व सार्मथ्य, बुद्धि, निष्पक्षता र प्रेममा .............. हुनुहुन्छ ।

८. जब उहाँ संसारमा साधारण मानिसको रुपमा आउनुभयो त्यसबेलामात्र ........... पिता र पवित्र आत्मा कम महिमामा हुनुहुथ्यो ।

९. उहाँ ..............बाट बौरिउठ्नु भएपछि उहाँ अरु संगै समान महिमामा हुनुभयो ।

१०. हामी पितासित ............... र ............... गर्ने क्रियाकलापसित संलग्न छौ ।

११. हामी पुत्रसित हामीलाई हाम्रा पापहरुबाट ............ कार्यसित संलग्न छौ ।

१२. हामी पवित्र आत्मासित हामीलाई परमेश्वरमा .................. गर्न लगाउने कार्यसित संलग्न छौ ।

पेज नं. ९९ मा हेरेर तपाईका उत्तरहरु जाँच्नुहोस ।

अध्याय तीन

# पिता परमेश्वर

के तपाईले कुनैकुरा सृष्टिगर्नु भएको छ ? सायद तपाई चित्रकार हुनुहुन्छ होला । तपाईले केहि चित्रहरु बनाउनु भएको होला । केही मानिसहरु लेखक हुन्छन् । तिनीहरु कथा, कविता र पुस्तकरु लेख्दछन् । सायद तपाई भारोत्तोलक हुनुहुन्छ होला । तपाईले आफ्ना मांसपेशीहरुलाई कलामा परिणत गर्नुहुन्छ होला । हामी सबैमा सृजनात्मक ज्योती वा आकांक्षा हुन्छ ।

परमेश्वर सृजनात्मक हुनुहुन्छ । उहाँले पनि सूर्य र चन्द्रमा र ताराहरु बनाउनुभयो । उहाँले सबैथोक बनाउनुभयो । परमेश्वर पिता त्रिएकत्वको त्यो व्यक्ति

हुनुहुन्छ जसमा हामी उहाँको सृष्टिको कार्य सित एकदमै नजीकमा संलग्न छौ । यस अध्यायमा हामी प्रेरितको बिश्वासको सारको पहिलो भागको (जसलाई पहिलो रचना भनिन्छ ) बारेमा छलफल गर्नेछौ । यस अध्यायको अन्त्यमा तपाई थाहा पाउनुहुनेछः


- परमेश्वरले कहिले र कसरी संसारको सृष्टि गर्नुभयो भन्नुहोस
- कसरी अहिले पनि ति सबै कुराको हेरचाह गर्नुहुन्छ भन्नुहोस, र
- के ले संसारलाई बिनाश गरयो भन्नुहोस ।

**"म बिश्वास गर्दछु एक परमेश्वर शर्वशक्तिमान पिता..."**

यि पहिलो रचनाको प्रथम शब्दहरु हुन् । ती संग हामी भन्दछौं की पिता पुरै शक्तिशाली हुनुहुन्छ । उहाँले गर्न नसक्ने कुनै काम छैन । उहाँले गर्न चाहेको कामबाट रोक्न सक्ने कोही पनि छैन ।

**"......स्वर्ग र पृथ्वीका सृष्टिकर्ता ।"**

परमेश्वरले कसरी सबै कुरा बनाउनुभयो ? यदि हामी सृजना गर्छौं भने, तपाइँले र मैले केही कुराबाट सुरु गर्नुपर्छ । उदाहरणको लागी, एउटा कलाकारले एउटा



परमेश्वरले पृथ्वीमा भएका सबैथोक बनाउनुभयो ।

कागजको टुक्रा कुराबाट  अथवा एउटा मोटो लुगालाई रङ्ग लगाउन सुरु गर्छ । तर आदिमा परमेश्वर एक्लै हुनुहुन्थ्यो । अरु केहीकुरा थिएन, उहाँले आफ्नो वचनद्वारा सबै कुराहरु सृष्टि गर्नुभयो । बाइबलले भन्दछ, “उहाँ बोल्नुभयो र त्यो आफै भयो ।”

बाइबलमा परमेश्वरको सबभन्दा पहिलो बचन हो, “उज्यालो होस् ।” बाइबलले हामीलाई भन्दछ, “उज्यालो भयो ।” (उत्पत्ति१:३) संसारको सृष्टिको कथा बाइबलको पहिलो अध्याय उत्पत्ति एकमा पाईन्छ । यसले बताउँदछ कि परमेश्वरले वचन बालेर मात्र कसरी सम्पुर्ण ब्रम्हाण्ड र यसमा सबै कुरा बनाउनुभयो । यी सबै कुरा बनाउन परमेश्वरलाई छ दिन मात्र लाग्यो । र सातौं दिन उहाँले बिश्राम गर्नुभयो । एक हप्तामा सात दिन हुनाको कारण यही हो । यसले सृष्टिको हप्ता भनेर स्मरण गर्दछ ।

१. पिताको बारेमा प्रेरितहरुको बिशवासको सारको पहिलो ........... मा छ ।

२. हामी भन्दछौं परमेश्वर ........... हुनुहुन्छ र सर्वशक्तिमान हुनुहुन्छ ।

३. परमेश्वरले सबै कुराहरु उहाँको ......... द्वारा सृष्टि गर्नुभयो ।

४. परमेश्वरले ......... दिनमै सबै कुराहरु बनाउनुभयो ।

५. सातौं दिनमा ............... गर्नुभयो ।

पेज नं.३४ मा हेरेर तपाईको उत्तरहरु जाँच्नुहोस ।

हाम्रा दिनहरुमा धेरै मानिसहरु बाइबलले सृष्टिको बारेमा जे भन्दछ, त्यसमा विश्वास गर्दैनन् । तिनीहरु यो संसार आफै आएको हो भन्ने कुरा विचार गर्दछन् । शुरुमा संसार गोलो पदार्थ थियो । यो माथि धकेलियो र सबै पदार्थ उडेर अन्तरिक्ष भित्र गयो । यसका टुक्राहरुले ताराहरु र ग्रहहरु भए ।

त्यसपछि तिनीहरु भन्छन् ग्रहबाट एक्कासी जीवन हुनआयो । लाखौं बर्ष पछि यी मानिसहरु, जनावरहरु, र रुखहरु बिकसित भए र जो हामी आज छौं । यस किसिमको विचारलाई क्रमिक विकासको सिद्दान्त भनिन्छ ।

क्रमिक विकासको सिद्दान्त किन झुटोछ भन्नेकुराका धेरै कारणहरु छन् । तिनीहरु मध्ये एउटा चाहिँ, यसको शुरुवातमा विष्फोट हुनु हो । जब संसारमा बिष्फोट भयो त्यसको परिणाम संसारमा सकेजति जटिल हुन्छ ? विष्फोटले नाश गर्दछ, त्यसले बनाउदैन । यो लेखकले जान्ने एउटा मानिस भन्ने गर्दथ्यो, जब यसो हुनेछ अनि म क्रमिक बिकाशको सिद्दान्तमा बिश्वास गर्नेछु: एउटा

बिष्फोटक पदार्थको छडी टुका लिनुहोस, फोहरको थुप्रो भित्र फाल्नुहोस र मोटर गाडी बनाउनुहोस् ।

यो सिद्दान्त साँचो हुन नसक्नका अरु कारणहरु पनि छन् । बाइबलले पनि दुइवटा मजबुत कारण दिन्छ । सबभन्दा पहिले यसले भन्दछ, “किनभने कुनै न कुनै घर मानिसबाट बनाईएको हुन्छ, तर सब थोक बनाउने त परमेश्वर नै हुनुहुन्छ ।”(हिब्रु ३:४) कुनैपनि कुरा आफै बन्दैनन् । तिनीहरुलाई कसैले बनाउनु नै पर्छ । परमेश्वर स्वर्ग र पृथ्वीका सृष्टिकर्ता हुनुहुन्छ ।

अर्को कारण यो हो । बाइबलको एक भागमा अय्यूव नाम भएको मानिसलाई परमेश्वर सोध्नुहुन्छ, “पृथ्वीको जग मैले बसाल्दा तँ कहाँ थिईस? तैले बुझ्छस भने बता ।”(अय्यूव ३८:४) संसारको शुरुवातमा कुनै अरु साक्षीहरु थिएनन्, परमेश्वर मात्र हुनुहुन्थ्यो । उहाँको वचन बाइबल उहाँको गवाही हो । जसले कमिक विकासको सिद्दान्त बनायो त्यो मानव जाति थियो । तर तिनीहरु शुरुआतमा थिएन । तिनीहरु अनुमान मात्रै गर्छन र खराब प्रकारले अनुमान गर्दछन् ।

पेज नं.३२ र ३३ को उत्तरहरु: १. अनुच्छेद २. सर्वशक्तिमान ३.वचन ४. छ ५. आराम

६. केही मानिसहरु ..........को क्रमिक विकासको सिद्वान्त विश्वास गर्छन् ।

७. तिनीहरु संसार ....... हुनआएको भन्ने विचार गर्छन ।

८. तिनीहरु विचार गर्दछन की गोलो पदार्थ ..............भयो र संसारको शुरुवात भयो ।

९. विष्फोटले नाश भएका चिजवस्तुहरु .........सक्दैनन् ।

१०. बाइबलले भन्दछ, सबैकुरा बनाउने ....... हुनुहुन्छ ।

११. बाइबलले भन्दछ, परमेश्वर संसारको शुरुवात कसरी भयो भन्ने कुराको ..........हुनुहुन्छ ।

तपाइँको उत्तर पेज नं. ३७ को मुनी हेरेर जाँच्नुहोस्



परमेश्वरले आदम र हब्वालाई धेरै आशिषहरु दिनुभयो ।

परमेश्वरले मानव जाती कसरी बनाउनु भयो भन्ने कुरामा हामी चासो लिन्छौं । उहाँले पहिलो मानिस आदमलाइ जमीनको धुलोबाट बनाउनुभयो । उहाँले उसमा जीवनको श्वास फुकिदिनुभयो । त्यसपछि उहाँले आदमको एउटा करङ लिनुभयो र उसको लागी एउटा स्त्री बनाउनुभयो ।

उहाँले मानिस र उसको स्वास्नीलाई भन्नुभयो, तिनीहरु संसारमाथि अधिकार गर्नेछन् ।

परमेश्वरले सबै कुराहरु बनाउनुभयो । जब उहाँले सबै कुराहरु बनाउइसक्नुभयो, उहाँले संसारलाई भुल्नुभएन । उहाँ हामी सबैलाई र यस संसारलाई नियमित रुपमा सुरक्षित राख्नुहुन्छ । उहाँ वर्षा हुने बनाउनु हुन्छ र सुर्यलाई चम्किलो पार्नुहुन्छ ताकि बोटबिरुवाहरु बढ्न सकून् । उहाँ ग्रीष्म, हेमन्त, वसन्त र बर्षा ऋतुका मौसमहरु पठाउनुहुन्छ । उहाँ ताराहरु र ग्रहहरुलाई तिनीहरुका कक्षमा राख्नुहुन्छ ।

उहाँ हामीलाई पनि संरक्षण गर्नुहुन्छ । उहाँ हामीलाई जिउन आवश्यक सबै कुराहरु दिनुहुन्छ । उहाँ हामीलाई आवश्यकता भन्दा बढी दिनुहुन्छ । उदाहरणको लागी, उहाँ हामीलाई एकै प्रकारको मात्र भोजन दिनुहुन्न । उहाँ हामीलाई धेरै प्रकारका भोजनहरु दिनुहुन्छ र पिउने

पेज नं. ३५ को उत्तरहरु: ६. विस्तार ७. ८. ९. १०. परमेश्वर ११. साक्षी

कुराहरु जसले बाँच्नमा मदत गर्छ । उहाँ हामीलाई लगाउनलाई लुगा दिनुहुन्छ, र हाम्रो घरमा बास दिनुहुन्छ । उहाँ हानी नोक्सानी हुने कुराहरु मानिसबाट टाढा राख्नुहुन्छ र मानिसलाई निरोगी राख्नुहुन्छ । जब मानिसहरुलाई चोटपटक लाग्छ, उहाँ तिनीहरुलाई निकोहुनलाई सहायता गर्नुहुन्छ ।

१२. परमेश्वरले जमीनको ..........बाट मानिसलाई बनाउनुभयो ।

१३. उहाँले पहिलो स्त्रीलाई मानिसको ...........बाट बनाउनुभयो ।

१४. उहाँले तिनीहरुलाई सारा संसार माथि ........... गर्न बनाउनुभयो ।

१५. उहाँ हामी सबैलाई र संसारलाई ............ गर्न नियमित राख्नुहुन्छ ।

पेज नं.४० को मुनी हेरेर तपाइँको उत्तर जाँच्नुहोस् ।

हामीलाई बनाउनुभएको लागी र सुरक्षित राख्नुभएको लागी परमेश्वर हाम्रो धन्यवादको योग्य हुनुहुन्छ । हामी उहाँको प्रेम प्रति आभारी हुन्छौं र उहाँको सेवा गर्छौं । तर हामीलाई थाह छ, हामी सधैं परमेश्वरलाई प्रेम गर्दैनौं र सेवा गर्दैनौं, जसरी हामीले गर्नुपर्ने थियो । मानिसहरुले सधैं उहाँको विरुद्धमा पाप गर्छन् ।

आदम र उसकी पत्नी पहिलो पापीहरु थिए । परमेश्वरले तिनीहरुलाई पुरै संसार दिनुभयो । उहाँले तिनीहरुलाई एउटा रुखको फलबाट मात्र टाढा रहन भन्नु भयो । तर सैतानले तिनीहरुलाई त्यो फल खान प्रलोभन देखायो र तिनीहरुले त्यसो गरे ।

परमेश्वरको सिद्ध सृष्टि सर्वनाश गर्ने यही कारण थियो । सर्वनाश र मृत्युले प्रवेश गरयो । परमेश्वरले ती कुराहरु सृष्टि गर्नुभएको हाईन । सर्वनाश र मृत्यु मानिसको पापको कारणले आएको हो । र अझै ती कुराहरु आज हामीसँग छन् ।

तर परमेश्वर क्षमादिने हुनुहुन्छ । उहाँले आदम र उसको पत्नीको लागि उद्धारकर्ता पठाउने प्रतिज्ञा गर्नुभयो र त्यो उद्धारकर्ता येशू खीष्ट हुनुहुन्छ । उहाँले एकदिन फेरि आउने प्रतिज्ञा गर्नुभयो । अनि यस पापले भरिएको संसार नाश गरिनेछ । त्यसपछि परमेश्वर एउटा नया स्वर्ग र पृथ्वी बनाउनु हुनेछ । जुन फेरि सिद्द हुनेछ भनेर बाइबलले भन्दछ ।

उहाँ हामीलाई पनि पाप रहित बनाउनुहुनेछ । र हामी सदासर्वदा उहाँ सँग स्वर्गमा रहनेछौं ।

१६. हामीलाई बनाउनुभएको लागी र सुरक्षित राख्नुभएको लागी परमेश्वर हामीबाट ............को योग्यहुनुहुन्छ ।

१७. तर मानिसहरुले प्रत्येक दिन उहाँको विरुद्व ............ गर्दछ ।

१८. आदम र उसको पत्नीले केहि .............. खाएर पाप गरे जुन परमेश्वरले निषेध गर्नुभएको थियो ।

१९. तिनीहरुका पापको कारणले ..........र ........... ले संसारमा प्रवेश गरयो ।

२०. जब येशू फेरी आउनुहुन्छ, उहाँ नयाँ ...........र............ बनाउनुहुनेछ ।

२१. हामी उहाँ सँग ............... रहने छौं ।

तपाइको उत्तर पेज नं. ४२ को मुनी हेरेर जाँच्नुहोस् ।

## अध्याय तीनको समालोचना

प्रेरितहरुको बिश्वासको सारको पहिलो भागलाई पहिलो रचना भनिन्छ । यसले भन्दछ, पिता परमेश्वर सर्वशक्तिमान हुनुहुन्छ र सर्वशक्ति सम्पन्नहुनुहुन्छ । उहाँ स्वर्ग र पृथ्वीका सृष्टिकर्ता हुनुहुन्छ । उहाँले पुरै संसार

पेज नं. ३६ को उत्तरहरु: १२. धुलो १३. करङ १४. शासक १५. बचाउनु

बनाउनुभयो । उहाँले आफ्नो वचनद्वारा यी कुराहरु बनाउनुभयो । उहाँ केही बोल्नुहुन्थ्यो र त्यो त्यसै भैहाल्दथ्यो ।

यसैगरी उहाँले छ दिनमा सबै कुराहरु बनाउनुभयो । सातौं दिनमा उहाँले विश्राम गर्नुभयो । केही मानिसहरुले यो संसार आफै हुनआएको हो भनि विश्वास गर्छन । तिनीहरु विचार गर्दछन की धेरै बर्ष पहिले यो संसार विष्फोट भएर सुरुभएको हो । यस प्रकारको विचारलाई क्रमिक बिकाशको सिद्दान्त भनिन्छ । तर यो सिद्दान्तमा बिश्वासगर्नलाई तपाईले बिष्फोटनले नाशगर्नुको सट्टामा केहि कुरा बनाउँछ भन्ने कुरामा बिश्वास गर्नुपर्ने हुन्छ ।

बाइबलले भन्दछ कसैले न कसैले संसार बनाएको हुनुपर्छ । त्यो बनाउने परमेश्वर हुनुहुन्थ्यो । यसले यसोपनि भन्दछ, यी सबै चिज वस्तुहरुको कसरी सुरुवात भयो भन्ने कुराको साक्षी परमेश्वर मात्र हुनुहुन्थ्यो । उहाँको वचन साँचो हुनुपर्दछ ।

परमेश्वर पिता सबै चिजको सुरक्षा पनि गर्नुहुन्छ । उहाँले सुर्यलाई चम्किलो र पानी बर्षाउनु हुन्छ । उहाँ आउन र जानलाई ॠतुहरु बनाउनुहुन्छ । उहाँ हामीलाई भोजन, लुगा र बास दिनुहुन्छ । उहाँ हामीलाई जीउनलाई आवश्यक पर्ने कुराहरुभन्दा भन्दा धेरै बढी दिनुहुन्छ ।

यो सबै कुराको लागी हामी धन्यवाद दिएर उहाँप्रति आभारी हुन्छौं र उहाँको आज्ञापालन गर्दछौं । तर हामी प्रत्येक दिन पाप गर्दछौ, पाप पहिलो मानिसबाट शुरु भयो । पहिलो मानिस आदम जमीनको धुलोबाट बनाईएको थियो । परमेश्वरले उसमा जीवनको श्वास फुकिदिनुभयो । उहाँले त्यसको करङ लिनुभयो, र त्यसको लागी एउटा स्त्री बनाउनुभयो । उहाँले तिनीहरुलाई संसार माथि अधिकार गर्नलाई बनाउनुभयो ।

तर तिनीहरुले उहाँको आज्ञाहरुको पालन गरेनन् । त्यसैले मृत्यु र विनासले संसार भित्र प्रवेश गरयो । येशू ख्रीष्टको क्रुसको मृत्यु र सिद्द जीवनद्वारा हाम्रा पापहरुलाई आफैसँग लिनुभयो । मृत्यु र विनासको यो संसार नष्ट गर्न उहाँ फेरी आउनुहुनेछ र एउटा नया सिद्ध संसार बनाउनु हुनेछ । त्यस संसारमा हामी उहाँ सँग सदासर्वदा रहने छौं ।

## अध्याय तीनको जाँच

१. प्रेरितहरुको बिश्वासको सारको पहिलो .............. ले परमेश्वर पिताको बारेमा बताउँदछ ।

पेज नं. ३९ र ४० को उत्तरहरु: १६. धन्यबाद १७. पाप १८. फल १९. मृत्यु, नाश हुनु २०. स्वर्ग, पृथ्वी २१. सदासर्वदा

२. उहाँ .................... हुनुहुन्छ, जो सर्वशक्ति सम्पन्न हुनुहुन्छ ।

३. उहाँको ........... को शक्तिद्वारा उहाँले पुरै संसारको सृष्टि गर्नुभयो

४. केही मानिसहरुले विचार गर्दछन की संसार आफै हुन आउको हो, तिनीहरु ................... सिद्दान्तमा विश्वास गर्दछन् ।

५. बाइबलले भन्दछ, .............सबै कुराको सृष्टिकर्ता हुनुहुन्छ ।

६. परमेश्वर संसारको शुरुवातको एकमात्र ................... हुनुहुन्छ ।

७. परमेश्वर उहाँले बनाउनु भएको प्रत्येक कुराको नियमित ............ गर्नुहुन्छ ।

८. उहाँ हामीलाई जीउनको निम्ति आवश्यक, ............र ............ दिनुहुन्छ ।

९. परमेश्वरले पहिलो मानिस .............. लाई जमिनको धुलोबाट बनाउनुभयो ।

१०. उहाँले मानिसको ......................बाट एउटा स्त्री बनाउनुभयो ।

११. उहाँले तिनीहरुलाई पुरै संसारमाथि ...................गर्न बनाउनुभयो ।

१२. सबै कुरा परमेश्वरले हाम्रो लागि गर्नु भएको छ । हामीले ........... दिएर उहाँ प्रति आभारी हुनुपर्दछ र उहाँको आज्ञापालन गर्नुपर्दछ ।

१३. तर उहाँको आज्ञा विरुद्ध हामी लगातार ............. गर्छौं ।

१४. पहिलो मानिस र स्त्रीले केहि ............ खाएर पाप गरे, जुन परमेश्वरले खान निषेध गर्नुभएको थियो ।

१५. हाम्रो ............ को कारणले मृत्यु र विनासले संसारमा प्रवेश गरयो ।

१६. जब येशू फेरिआउनुहुनेछ, उहाँ यस संसारलाई ................ गर्नुहुनेछ ।

१७. उहाँ एउटा नयाँ ............ र पृथ्वी बनाउनु हुनेछ ।

१८. हामी येशू ख्रीष्टसँग ................... रहने छौं ।

पेज नं. ९९ मा हेरेर तपाईका उत्तरहरु जाँच्नुहोस ।

अध्याय ४

# पुत्र परमेश्वर

हामी त्यो समयलाई पर्खीरहन्छौ जब हाम्रा साथीहरु हामीलाई भेटन आउदैछन् । भेटने साथीहरु हुनु चाहिँ पुन: ताजगी हुने परिवर्तन हो । यो साथा पाउनु असल हो कि कोहि छ जो हाम्रो वास्ता गर्छ र हामीलाई भेटन आउँदैछ । । कहिलेकाहीं साथीहरुले हामीलाई भेटन लामो दुरी यात्रा गर्नुपर्ने हुन्छ । तर तिनीहरु टाढाबाट खशीसाथ आउँछन् । किनभने त्यसले देखाउँछ की तपाइँ तिनीहरुको लागि कति अर्थपूर्ण हुनुहुन्छ ।

यसैगरि वास्तविक प्रकारले, परमेश्वर पुत्रले हाम्रो लागी गर्नुभयो । उहाँ हामी सँग हुन हाम्रो संसारमा आउनुभयो । र उहाँले त्यस भन्दा अझबढी गर्नुभयो । उहाँ हामीलाई हाम्रा पापबाट बचाउन आउनुभयो ।

यदि तपाइँलाई कसैले चोट पुरयाएमा तपाइँ कस्तो महशुस गर्नुहुन्छ, र त्यो व्यक्ति जसलाई तपाइँले चोट पुरयाउनु भयो, य तपाईलाई भेटन आउँदैछ ? सायद तपाइँ निश्चित हुनुहुनेछ होला कि उ तपाइँलाई चोटपुरयाउन आयो भनेर । तर यदि उ आयो र उसले तपाइँलाई क्षमा गर्न गइरहेको छ भन्यो भने नि ?

के त्यो कुरा असम्भव छ ? प्रेरितहरुको बिश्वसको सारको दोश्रो रचनामा मा ठीक त्यस्तै प्रकारले पुत्र परमेश्वरले गर्नुभयो भनेर हामी स्वीकार गर्दछौं । दोश्रो रचनाले व्याख्यागर्छ कि, उहाँ को हुनुहुन्छ, उहाँ के गर्न आउनुभयो, र उहाँले के योजना गर्नुभयो ।् यस अध्यायको अन्तमा तपाइँ भन्न सक्षम हुनुहुनेछ :


- कसरी परमेश्वर पुत्र मानव जाती हुनुभयो,
- उहाँले कसरी हाम्रो लागी पाप, मृत्यु र सैतालाई कसरी आघात पुरयाउनु हुन्छ, र
- उहाँ अहिले र भविष्यमा हाम्रोलागी के गर्नुहुनेछ,

**“म विश्वास गर्दछु, उहाँको एकले पुत्र हाम्रा प्रभु येशू ख्रीष्ट माथि....।”**

यी दोश्रो रचनाका पहिलो वचनहरु हुन् । तिनीहरु सँगै हामी भन्दछौं, हामी केहि सुन्दर आश्चर्यका कुरामा विश्वास गर्छौं । हामी बिश्वास गर्दछौ कि एउटा यहूदी सिकर्मीको परिवारमा करिब २००० बर्ष अगाडी रहेका थिए र  रहनुहुन्छ, उहाँ पुत्र परमेश्वर हुनुहुन्छ ।

पिता जस्तै पुत्र अनन्त हुनुहुन्छ । उहाँको सुरुआत छैन् । हामीलाई थाह छ कि संसारिक पिता तिनीहरुका छोराहरु भन्दा पहिले जीवन जीउँछ । सायद एउटा व्यक्ति छोरा भन्दा १८ वा १९ बर्ष जेठो हुन्छहोला । तर परमेश्वर सित पिता र पुत्र दुवै अनन्त छन् ।

त्यसकारण पुत्र उहाँको पिता सँग समानरुपमा पवित्र हुनुहुन्छ । हामी भन्दछौं कि उहाँ परमेश्वरको आफ्नै एकमात्र पुत्र हुनुहुन्छ । आफ्नै शब्द त्यो जसको अर्थ हो स्वभाविक  पुत्र हो, अर्कोलाई अपनाएको पुत्र होईन् । यसको मतलब हो पिताले पुत्रलाई सृष्टि गरेको होईन । यस प्रकारले तपाई सबैलाई परमेश्वरले बनाउनु भएको छोरा वा छोरी भन्न सक्नुहुन्छ । जब हामी पुत्र परमेश्वरको बारेमा भन्दछौ यसको अर्थ यहाँ केहि भिन्न छ । उहाँ परमेश्वरको एकमात्र आफ्नै पुत्र हुनुहुन्छ । उहाँको पिता जस्ते जसको कुनै सुरुआत छैन् ।



मरियमले बालक येशूलाई लुगाले बेह्रेर डुँडमा सुताइन् ।

१. उहाँको पिता सँगै परमेश्वरको पुत्र बराबरी ......... हुनुहुन्छ, जसको न त सुरुआत छ न अन्त नै ।

२. पुत्र भन्दा पहिले पिताको ........... थिएन ।

३. हामी भन्छौं उहाँ पिताको एकमात्र .......... पुत्र हुनुहुन्छ, यसको अर्थ उहाँले सृष्टि गर्नु भएन् ।

तपाइको उत्तर पेज नं. ५० को मुनी हेरेर जाँच्नुहोस् ।

मानव जाति सधैं पापपूर्ण हुन्छ । हामी हाम्रो पाप हाम्रा आमा बुवा बाट पैत्रिक सम्पत्तिको रुपमा पाउँछौं । जब परमेश्वरको पुत्र मानव हुनुभयो, उहाँले एउटा पाप पनि गर्नुभएन । उहाँ एउटा फरक किसिमले हुनुभयो । उहाँलाई कुनै मानव पिता आवश्यक थिएन । पवित्र आत्मा परमेश्वरले आश्चर्यजनक रुपमा गर्नुभयो । ( अर्को अध्यायमा यसको बारेमा लेखिएको छ ।) हामी भन्छौं पवित्र आत्माले येशूलाई गर्भमा राख्नुभयो । बालकहरु कसरी बन्दछन् भन्ने बारेमा हामी जान्दछौ । येशूको बारेमा यो फरक थियो । पवित्र आत्माले मरियम नाम गरेकी कन्याको गर्भमा उहाँलाई राखिदियो । उनी एउटा कन्या केटी थिइन । उनी कहिल्यै पनि मानिस सँग

ओछ्यानमा सुतीनन् । एउटा स्वर्गदुत उनी कहाँ आयो र जे हुन गईरहेको थियो सो उनलाई भन्यो । योसेफ नाम गरेको एउटा सिकर्मी उनको हुनेवाला लोग्ने कहाँ पनि स्वर्गदुत आयो । स्वर्गदुतले दुबैलाई भन्यो की मरियमले जन्माउने पुत्र परमेश्वरको पुत्र हुनुहुन्छ । आज इसाईहरु उहाँको जन्मदिन, प्रत्येक क्रिसमसको रुपमा मनाउँछन् ।

४. पुत्र परमेश्वर हामी ............... जाति जस्तै हुनुभयो ।

५. अरु मानिस जस्तै उहाँ ............रुपमा जन्मनु भएको थिएन ।

६. उनी पवित्र आत्माद्वारा ................ भएकी थिईन ।

७. उहाँकी आमा .............. नाम गरेकी कन्या कुमारी थिईन ।

तपाइँको उत्तर पेज नं.५२ को मुनी हेरेर जाँच्नुहोस् ।

**"... पन्तियस पिलातुसको अभिकारमा दु:ख भोग्नुभयो, क्रुसमा टाँगिनुभयो, मारिनुभयो, अनि गाडिनुभयो ।"**

यस अर्थमा, हामी सबै कैदी थियौं । हामीले त्रिएकत्व परमेश्वरको व्यवस्था तोडयौं । हामीले परमेश्वरको

पेज नं.४९ को उत्तर: १. अनन्त २. जीवित ३. पाएको

व्यवस्था पापद्वारा तोडयौं । हामी अनन्त मृत्युको दण्डको योग्य थियौं । यो संसार प्रत्येकको लागी मृत्युको ठाउँ जस्तै थियो ।

हाम्रो बदलामा येशू मर्नुभयो । उहाँले हाम्रा पाप आफैसँग लिनुभयो । मानिसले गरिएका दुष्ट अथवा सबै खराब कुराको लागी उहाँले सजाय पाउनुभयो । यी सबै कुराको दण्ड उहाँले तब पाउनुभयो जब उहाँ क्रुशमा टाँगिनुभयो ।

प्रेरितहरुको बिश्वासको सार पन्तिस पिलातसले उल्लेख गर्छ । पिलातस त्यस ठाउँको शासक थियो जहाँ येशू रहनुहुन्थयो । । उ त्यहि मानिस थियो जसले येशूलाई क्रुसमा टाँगेर मार्ने आदेश दियो । उसको नाम उल्लेख गरिएको छैन, किनकि येशूको मृत्युको लागी हामी उसलाई दोष लगाउँछौं । हाम्रो भुलको कारण येशूले मर्नैपर्ने थियो । उहाँ हाम्रो पापको लागी मर्नुभयो । तर पिलातुस बढी महत्वपुर्ण कारण र फरक कुराले उल्लेख गरिएको हो ।

धेरै धर्महरुले पापको समस्यासँग व्यबहार गर्न कोशिस गर्छन् । हामी पापी छौं भन्नेकुरा तिनीहरु जान्दछन् ।

परमेश्वरले पापीलाई सजाय दिनुहुन्छ भन्नेकुरा तिनीहरु जान्दछन् । तिनीहरु हामी बिभिन्न तरिकाले हामी दण्डीत हुने कुराबाट पन्छिन सक्छौं भनेर हामीलाई भन्ने कोशिष गर्छन् ।

तर तिनीहरु सबै उस्तै हुन । तिनीहरुका धर्मले मानिसलाई भन्दछ, तिमीहरु यसो गर त्यसो गर भन्दछन्, यो प्रार्थना गर्नुहोस् र यो बलीदान गर भनेर भन्दछन् । तब तपाइँको जीवनको अन्तमा तपाई थाहा पाउनुहुनेछ तपाईले प्रशस्त असल कामहरु गर्नुभयो कि अझै बाकि छन् । यी सबै कुराहरु ती झुटो धर्महरुले सिकाउने कुराहरु हुन् । तपाई जीवनको अन्तसम्म पनि तपाईले आफ्नो जीवन आफै बचाउनु भएको छ भन्ने कुरा तपाई थाहा पाउन सक्नुहुन्न् । तब यसको बारेमा कुनै कुरा गर्न अति ढिलो हुन्छ ।

तर बाइबलले हामीलाई भन्दछ, हामी बचाइएका छौ कि भनेर हामी अहिल्यै थाहा पाउन सक्छौ । हाम्रा पापको लागि हामी दण्डित हुनेछैनौ । येशूले हाम्रा पापको लागि दण्ड पाउनुभयो । यो अघिबाटै भैसकेकोछ । हामी स्वर्ग अथवा नरक जानेकुरा जान्न हामीले मर्नसम्म पर्खन आवश्यक छैन । येशूले अगाडी नै हामीलाई उद्धार गर्नुभयो । प्रेरितको बिश्वासको सारमा हामी भन्छौं, उहाँले यो कसरी गर्नुभयो, र उहाँले कहिले यो गर्नुभयो हामी भन्छौ । कसरी ?

| |
|---|
| पेज नं. ५० र ४७ को उत्तरहरु: ४. मानव ५. पापपूर्ण ६. गर्भ ७. मरियम |

उहाँ "**दु:ख भोग्नुभयो....क्रुसमा टाँगिनुभयो, मारिनुभयो र गाडिनुभयो ।"** कहिले ? "**पन्तियस पिलातुसको अधिकारमा ।"**

यो यसरी भने जस्तै हो । "म ३० बर्षको छँदा बचाइएको थिएँ । यो त्यो बर्ष थियो, पन्तियस पिलातस यहूदीहरुको भूमिमा शासक थियो ।"

८. येशू हाम्रा ............ को निम्ति मर्नुभयो ।

९. जब उहाँ .......... मा टाँगिनुभयो, उहाँले यसो गर्नुभयो ।

१०. उहाँलाई दण्ड दिने शासक ......... .............. थियो ।

११. अरु धर्महरुले यो सिकाउँदछ कि तपाई ........... सम्म सुरक्षित हुनुहुन्छ भन्ने कुरा तपाइँ जान्न सक्नुहुन्न ।

१२. हामी भन्न सक्छौं कि यहूदीको भूमिमा ........ ........शासक थियो हामी त्यस समयमा बचाइएका थियौं ।

तपाइँको उत्तर पेज नं. ५४ को मुनी हेरेर जाँच्नुहोस् ।

## उहाँ आत्मलोकमा उत्रनुभयो

येशूको मृत्युले हाम्रा पापहरुको मोल तिरयो । जब उहा अन्तिम श्वासको करिब हुनुहुन्थ्यो, उहाँले भन्नुभयो, जब येशूले सिर्का लिनुभयो तब उहाँले भन्नुभयो, “अब सिद्धियो” ( यूहन्ना १९:३०) उहाँको हाम्रा दण्डको कष्ट भोग्ने कार्यको लक्ष्य पुरा गर्नुभयो ।

त्यसोभए उहाँले किन नरकमा जानु परयो ? जब पापपूर्ण मानव जाति मर्छन र नर्क जान्छन् यो दण्ड भोग्नका लागि हो । शैतानले तिनीहरुलाई सधैंका लागी त्यहाँ कैदी बनाएर राख्छ । तर जब येशू जब नरकमा जानुभयो यो शैतानको कैदीको रुपमा गएजस्तो थिएन् । यो शैतान माथिको बिजय थियो ।

शैतानले विचार गरयो कि जसले नरकमा प्रवेश गरयो त्यो कहिल्यै छुट्दैन । नरकमा सैतान राजा थियो । उसले त्यहाँ प्रत्येक माथि शासन गर्थ्यो । तर एक दिन येशू फरक किसिमले नरकमा ओर्लनुभयो । उहाँले सैतानमाथि शासन गर्नुभयो । उहाँले सैतानमाथि विजय गरेर विजयी भएर आउनुभयो । उहाँले नरकमा सबैलाई भन्नुभयो कि उहाँले शैतानलाई हराउनुभयो । उहाँका मानिसहरु तिनीहरुका पापका लागि त्यहाँ कहिल्यै आउने छैनन् ।

पेज नं.५३ को उत्तरहरु: ८. पापहरु ९. क्रुस १०. पन्तिस पिलातस ११. मर्नु १२. पन्तिस पिलातस

येशूले गरेको काम न कसैले पहिले गरयो न उहाँले गरेदेखि कसैले गरेको छ । न कसैले यस्तो फेरी गर्नेछ । उहाँले नर्क त्याग गर्नुभयो । कसैले रहन नसक्ने ठाउँमा उहाँले वरिपरी घुम्नुभयो र त्याग गर्नुभयो । वास्तबमा बाइबलले भन्दछ, उहाँ एउटा व्यक्ति जस्तै हुनुहुन्छ जसले नर्कको साँचो समात्नु भएको छ । अहिले त्यहाँ सैतानले शासन गर्दैन । येशूले सैतानको शक्ति नाश गर्नुभएको छ ।

१३. येशूले हाम्रो पापको लागी नरकमा ...........जानु भएन ।

१४. उहाँ सैतानलाई र नरकमा हुने प्रत्येकलाई भन्न आउनुभयो कि उहाँले शैतानलाई ........... भएकोछ ।

१५. अहिले नरकको .........उहाँ सित छ ।

तपाइँको उत्तर पेज नं.५७ को मुनी हेरेर जाँच्नुहोस् ।



स्वर्गदुतले स्त्रीहरुलाई येशू जिवीत हुनुहुन्छ र चिहान रित्तो छ भने ।

**" तेस्रो दिनमा मरेकाहरुबाट बिउँतनु भयो ।"**

उहाँको मृत्युको तीन दिनपछि येशू मृत्युबाट बौरी उठनुभयो । त्यो दिन हामीले येशूको पुनरुत्थानको स्मरण गर्न मनाउने इस्टरको आईतबार हो । बौरी उठाइद्वारा येशूले धेरै कुराहरु प्रमाणित गर्नुभयो ।  पहिलो उहाँ साँचो परमेश्वरको पुत्र हुनुहुन्छ भनेर प्रमाणित गर्नुभयो । उहाँ परमेश्वरको पुत्र हुनुहुन्थ्यो भन्नेकुरा उहाँले मानिसहरुलाई बताउनुभयो र उहाँले तिनीहरुलाई भन्नुभयो र फेरी पुनरुत्थानद्वारा प्रमाणित गर्नुहुनेछ । जब येशू पुनरुत्थान हुनुभयो, त्यो प्रमाण थियो ।

दोस्रो, उहाँले हाम्रा पापको मोल तिर्नुभयो भन्नेकुरा उहाँको पुनरुत्थानले प्रमाणित गर्दछ । मृत्यु उहाँले भोग्नु भएको सारा संसारको दण्ड हो । तर जब उहाँले मृत्युको कष्ट भोगीरहनु परेन,  येशूले सबै पापको मोल तिरिएको प्रमाणित गर्नुभयो । जब उहाँ मर्नुभयो, उहाँले भन्नुभयो, "अब सिद्धियो ।" (यूहन्ना १९:३०) उहाँको मतलब यो हो कि मृत्यु र कष्ट भोगाईद्वारा उहाँले सबैका पापको मोल तिरिदिनु भएको छ । जब येशूले पापको मोल तिर्नुभयो तब उहाँलाई चिहान छोड्न अनुमति दिइयो ।

पेज नं. ५५ को उत्तरः १३. सताईनु १४. पिटनु १५. साँचो

तेस्रो, उहाँको पुनरुत्थाले प्रमाणित गर्दछ कि तिनीहरु जसले उहाँमा विश्वास गर्छ, उनीहरु पनि मृत्युबाट पुनरुत्थान हुनेछन् । उहाँ मर्नु भन्दा पहिला उहाँले आफ्ना चेलाहरुसँग प्रतिज्ञा गर्नुभयो, "अब केही समय पछि संसारले मलाई कहिल्यै देख्ने छैन, तर तिमीहरुले मलाई देख्ने छौ, म जीवित भएको हुनाले तिमीहरु पनि जीवित रहने छौ ।" (यूहन्ना १४:१९) उहाँले हाम्रा सबै पापको मोल तिर्नुभयो । त्यसकारण हामीले हाम्रा पापको मोल तिर्नु पर्दैन । अन्तिम दिनमा हामी पनि हाम्रा चिहानमा छोडने छौं । हामी येशूसँग सदासर्वदा स्वर्गमा रहने छौं ।

१६. येशू ............... को आईतबारको दिन मृत्युबाट पुनरुत्थान हुनुभयो ।

१७. उहाँको पुनरुत्थानले प्रमाणित गर्दछ कि उहाँ साँचो ............ ............ हुनुहुन्छ ।

१८. यसले यो प्रमाणित गरयो कि हाम्रा सबै ............. को मोल तिरिएको छ ।

१९. यसले यो पनि प्रमाणित गर्दछ कि हामी पनि अन्तिम दिन हाम्रा ........... बाट पुनरुत्थान हुनेछौं ।

तपाइँको उत्तरहरु पेज नं.६१ को मुनी हेरेर जाँच्नुहोस् ।

**"... स्वर्गमा चढीजानुभयो, र सर्वशक्तिमान परमेश्वर पिताको दाहिने हात पट्टि बस्नुभएको छ ।"**

मृत्युबाट बौरीउठनुभएको चालिस दिनपछि येशू स्वर्गमा उचालिनु भयो । डाँडाको बाहिर तर्फ उहाँले आफ्ना चेलाहरुलाई लिनुभयो अनि तिनीहरुको नजरमा बादलले नढाकुन्जेल सम्म उहाँ माथि जादै रहनुभयो । यसलाई हामी उचालिनु भन्दछौं । (साधारणत उचालिनु शब्दको अर्थ माथि गईरहनु हो )

अब हामीले स्वीकार गर्छौं कि उहाँ पिताको दाहिने हाततर्फ विराजमान हुनुहुन्छ । यसको मतलब के हो भने उहाँ अब सवैशक्ति उहाँको पितासँग बाँडनु हुन्छ । जब उहाँ साधारण मानव को रुपमा यस पृथ्वीमा हुनुहुन्थ्यो, उहाँले आफ्नो स्वर्गीय शक्ति र अधिकार पूर्णरुपमा प्रयोग गर्नु भएको थिएन । प्रत्येक समयमा उहाँले आफ्नो स्वर्गीय शक्ति प्रयोग गर्नुहुन्छ । जब उहाँले मानिसहरुलाई सहयोग गर्नुभयो र निको पार्नुभयो, उहाँले आश्चर्यकम देखाउनुभयो । तर अधिकांस समयमा उहाँ अरु मानिस जस्तै जीउनुभयो । हाम्रा पापका लागी मर्ने कार्य उहाँले पूरा गर्नुभयो । तब उहाँ स्वर्गमा फर्कनुभयो । र फेरी उहाँले आफ्नो अधिकार र स्वर्गीय शक्ति पूरा प्रयोग गर्ने बनाउनुभयो ।

यसको मतलब हो उहाँ सम्पूर्ण संसारमा राज्य गर्नुहुन्छ । उहाँलाई अनुमति छैन भन्ने कुरा केही छैन । उहाँ हाम्रोलागी प्रार्थना नगर्ने र भाग नलिने अथवा देखा नपर्ने भन्ने कुरा पनि केही छैन । अब, तपाइँको यो पुस्तकको अध्ययन गर्ने कुरा उहाँको योजनाको एउटा भाग हो ।



येशू मृत्युबाट बौरी उठनुभयो र स्वर्गमा उचालिनुभयो ।

यसको बारेमा विचार गर्नुहोस् । यदि तपाइँलाई यो पूस्तक नदिइएको भए येशूको बारेमा र उहाँले तपाईको लागि के गर्नुभयो भन्नेबारेमा क तपाईले अध्ययन गर्न सुरुगर्नुहुन्थ्यो ?

येशू हाम्रो लागी केही कुरा बढी गर्नुहुन्छ, अहिले उहाँ परमेश्वर पिताको दायाँ हातपट्टि हुनुहुन्छ । अझै हामी प्रत्येक दिन पापगर्छौं । हामी प्रत्येक समय पाप गर्छौं । उहाँ हाम्रोलागी प्रार्थना गर्नुहुन्छ । उहाँ हाम्रो क्षमाको लागि प्रार्थना गर्नुहुन्छ किनकी उहाँ पहिल्य नै हाम्रा सबै पापको लागि मर्नुभयो । परमेश्वर पिता येशूको सबै प्रार्थना सुन्नुहुन्छ र हामीलाई क्षमा दिनुहुन्छ ।

२०. येशू ............ दिनपछि स्वर्गमा उचालिनुभयो ।

२१. उहाँको संसारिक समयमा उहाँले आफ्नो स्वर्गीय शक्ति र अधिकारको ............. गर्नु भएन ।

२२. उहाँको पुनरुत्थान पछि उहाँ आफ्नो ...........शक्ति र अधिकारको प्रयोग गर्नुहुन्छ ।

२३. येशू सबै कुरामाथि ........... गर्नुहुन्छ ।

पेज नं. ५८ को उत्तर: १६. ईस्टर १७. पुत्र, परमेश्वर १८. पापहरु १९. चिहानहरु

२४. हाम्रा पापबाट हामीलाई क्षमा दिनलाई उहाँ .............. लाई भन्नुहुन्छ ।


तपाइँको उत्तरहरु पेज नं. ६४ को मुनी हेरेर जाँच्नुहोस् ।

**“जहाँ देखि उहाँ जिउँदा र मरेकाहरुको न्याय गर्नलाई आउनुहुनेछ ।”**

अन्तिम दिनमा येशू हामी उहाँलाई देख्न प्रकारले आउनुहुनेछ । उहाँ प्रत्येकको न्याय गर्नु हुनेछ । उहालेँ मृतकलाई जीवनमा फिर्ता ल्याउनुहुनेछ । तिनीहरुको न्यायकर्ता येशूको अगाडी प्रत्येक मानव जाति कुनैबेला बाँचेका थिए, ती देखापर्नेछन् ।

हामीले त्यस दिनको लागि डराउनु पर्दैन । न्यायको बारेमा उहाँले अगाडी नै बताई सक्नुभएको छ । बाइबलले भन्दछ, “यस कारण अब ख्रीष्ट येशूमा भएकाहरुलाई दण्डको आज्ञा छैन ।” (रोमी ८:१) हामीलाई पहिल्य नै थाह भैसकेकोछ कि हामी बचाइएका छौं ।

त्यसैले अन्तिम न्याय के को बारेमा हुनेछ ? येशूले हामीलाई भन्नुभएको छ । उहाँ मानिसहरुलाई एकसाथ जम्मा गर्नुहुनेछ । तब हामीले हाम्रो जीवनमा जे गरयौं त्यसको बारेमा उहाँ बताउनुहुनेछ । के हाम्रा कार्यहरुले हामी उहाँलाई बिश्वास गर्दछौ भन्ने प्रमाणित गर्दछ ?



Jesus separates the believers from the unbelievers.

अथवा के हाम्रा कार्यहरुले हामी उहाँलाई बिश्वास गर्दैनौ भन्ने प्रमाणित गर्दछ ? उहाँले हाम्रो उहाँमा विश्वासको प्रमाण अथवा उहाँमा विश्वासको कमीको प्रमाण प्रस्तुत गर्नुहुनेछ । तब प्रत्येकले यद्यपि दुष्टआत्माले पनि येशूको अगाडी निहुरिनु पर्नेछ र उहाँको न्यायमा उहाँ सिद्दरुपमा न्यायी हुनुहुन्छ ।

यसो कहिले हुनेछ ? यो कुरा परमेश्वरलाई मात्र थाह छ, र उहाँ हामीलाई भन्नुहुन्न । समय समयमा कसैले भन्ने गर्दछन् कि येशू फेरि आउने दिन तिनीहरुले थाहा पाएका छन् भनेर । सही कुरा कसैलाई पनि थाहाछैन । येशूले भन्नुभयो, “यसकारण जागा रहो किनकी कुन दिन तिमीहरुको प्रभु आउने छ, सो तिमीहरुले जान्दैनौ । तर यो जान कि घरको मालिकले चोर रातको कुन पहरामा आउँछ भनि जानेको भए उ जागो रहने थियो र आफ्नो घर फोर्न दिने थिएन । यस कारण तिमीहरु पनि तयार रहो किनकी मानिसको पुत्र तिमीहरुले नचिताएको बेलामा आउनेछ ।” (मत्ति २४:४२..४४) त्यसैले हामीले सधै तयार रहनु पर्छ ।

हामी कसरी तयार हुन सक्छौं ? हामी हाम्रो विश्वासको बलीयो भएर तयार हुन सक्छौं । त्यसकारण हामीले बाइबल नियमित रुपमा पढ्नु महत्वपुर्ण छ । आराधना

पेज नं.६१ र ६२ को उत्तरहरु: २०. चालिस २१. पुरै २२. स्वर्गीय २३. शासन २४. पिता

सेवामा नियमित जानुपर्दछ, सबै समयमा येशूलाई प्रार्थना गर्न र इसाईहरुको जस्तै जिउन महत्वपुर्ण छ । तब हामी तयार हुनेछौं । हामीले नचिताएको बेलामा उहाँ आउनु भएपनि ।

२५. अन्तिम दिनमा जिवित र मृतकहरुको ............. गर्न येशू आउनुहुनेछ ।

२६. उहाँमा हाम्रो विश्वास अथवा विश्वास को कमीको ........... उहाँ प्रस्तुत गर्नुहुनेछ ।

२७. प्रत्येकले यद्यपि ......... पनि उहाँलाई ढोग्ने छ, र उहाँको निष्पक्ष न्यायमा बाँधिनेछ ।

२८. त्यो दिन कहिले आउँछ भन्नेकुरा ........... मात्र जान्नुहुन्छ ।

२९. हामीले सधैं ................ रहनुपर्दछ ।

तपाइँको उत्तर पेज नं.६६ को तल जाँच्नुहोस् ।

## अध्याय चारको समालोचना

दोश्रो रचनाले परमेश्वर पुत्रको बारेमा बताउँछ । उहाँ पिता जस्तै अनन्त हुनुहुन्छ । उहाँको कुनै शुरुवात र अन्त छैन् । हामी भन्छौं उहाँमात्र परमेश्वरको आफ्नै एकमात्र पुत्र हुनुहुन्छ, परमेश्वरले सृष्टि गर्नुभएका मानिसहरुबाट उहाँलाई अलग राखेर बनाउनु गर्नुभयो ।

उहाँ मानव जाति हुनुभयो । उहाँको मानव पिता थिएन र उहाँले पैत्रिक पाप प्राप्त गर्नुभएन । उहाँ पवित्र आत्माको आश्चर्यक्रमद्वारा गर्भमा हुनुभयो । मरियम नाम गरेकी कन्या केटी उहाँकी आमा थिईन ।

उहाँ हाम्रा पापको मूल्य तिर्न आउनूभयो । क्रुसको कष्ट भोगाई र मृत्युद्वारा उहाँले यो गर्नुभयो । यो त्यति बेला भयो, जब पन्तियस पिलातुस नाम गरेको मानिस यहूदीहरुको भूमिमा शासक थियो । यसले अरु धर्मबाट इसाईहरुलाई फरक बनाउँछ । अरु धर्महरुले तपाइँ आफ्नो मृत्युको दिनसम्म सुरक्षित हुन निश्चिचय हुन सक्नुहुन्न भन्ने कुरा सिकाउँछ । बाइबलले भन्दछ, हामी निश्चित हुनसक्छौं । जब येशूले पन्तियस पिलातसको अधिकारमा कष्ट भोग्नुभयो र मर्नुभयो त्यस बेलादेखि नै हामी सुरक्षित भएका छौं ।

दुष्ट शैतानलाई येशूले हराउनुभयो भन्नेकुरा प्रमाणित गर्नकोलागी येशू नर्कमा ओर्लनुभयो । उहाँ तेस्रो दिनमो उहाँ साँच्चिकै परमेश्वरको पुत्र हुनुहुन्छ भन्ने कुराको प्रमाणित गर्न बौरीउठनुभयो र हाम्रा पापहरु क्षमा भएका छन् । अन्त्यको दिनमा उहाँ हामीलाई हाम्रा चिहानबाट उठाउनु हुनेछ । चालीस दिनपछि उहाँ स्वर्गमा उचालिनुभयो । उहाँ त्यहाँ सबै कुरामाथि राज्य गर्नुहुन्छ ।

पेज नं.६५ को उत्तरहरु: २५. न्यायकर्ता २६. प्रमाण २७. दुष्ट २८. परमेश्वर २९. तयार

उहाँले पितालाई हाम्रा पापहरु क्षमा गर्न भन्नु हुन्छ । उहाँ ति पापहरुका लागि पहिल्यनै मर्नुभयो ।

अन्तिम दिनमा उहाँ फेरि आउनुहुनेछ । उहाँ सबैलाई मृत्युबाट बौरीउठाउनु हुनेछ र तब सबैको न्याय गर्नु हुनेछ । तिनीहरुको जीवन जिउनेकुराद्धारा उहाँमा विश्वास गर्नेहरुको विश्वास उहाँले प्रमाणित गर्नुहुनेछ । तिनीहरुको जीवन जिउनेकुराद्धारा उहाँमा विश्वास नगर्नेहरुको पनि उहाँ प्रमाणित गर्नुहुनेछ । यो दिन कहिले आउनेछ कसैलाई पनि थाह छैन, तर परमेश्वर जान्नुहुन्छ । त्यसैले हामी सबैले अन्तिम दिनको लागी तयार हुनुपर्छ, बाइबल पढेर, आराधना सेवामा गएर, प्रार्थना गरेर, र इसाईहरु जस्तै बिताएर हामीले सबै समयमा तयार हुनुपर्दछ ।

## अध्याय चारको जाँच

१. परमेश्वर पुत्र उहाँको पितासँग बराबर ........... हुनुहुन्छ, जसको कुनै सुरुआत र अन्त छैन् ।

२. उहाँ पवित्र आत्माद्धारा ............ मा रहनुभएको थियो, त्यसकारण उहाँ मानविय पिताबाट पैत्रिक पापमा रहनु भएन ।

३. ........... नाम गरेकी कन्या केटी उहाँकी आमा थिइन् ।

४. उहाँ हाम्रो पापको लागी .......... आउनुभयो ।

५. जब .......... ............ येहूदीहरुको भूमिमा शासक थियो, उहाँले यो गर्नुभयो ।

६. हामी बचाइएका छौ वा छैनौ भन्नेकुरा थाहा पाउन ............ सम्म पर्खिनु पर्दैन ।

७. येशू ............ मा ओर्लनुभयो, उहाँ शैतानमाथि विजेता हुनुन्थ्यो भन्नेकुरा प्रमाणित गर्नुभयो ।

८. उहाँको मृत्युको .......... दिनपछि उहाँ मृत्युबाट बौरी उठनुभयो ।

९. उहाँको पुनरुत्थानले उहाँ साँच्चिकै परमेश्वरको .......... हुनुहुन्छ भन्नेकुरा प्रमाणित गर्दछ ।

१०. उहाँको पुनरुत्थानले हाम्रा ........... को मोल तिरिएको छ भन्नेकुराको प्रमाणित गर्दछ ।

११. उहाँको पुनरुत्थानले हामी पनि हाम्रा .......... बाट उठने छौं भन्नेकुराको प्रमाणित गर्दछ ।

१२. चालीस दिनपछि उहाँ स्वर्गमा ………… भयो ।

१३. उहाँ अब उहाँको सबै ………. शक्ति र अधिकारहरु पुरा प्रयोग गर्नुहुन्छ ।

१४. उहाँ ………… कुरा माथि अधिकार गर्नुहुन्छ ।

१५. हाम्रा सबै पापहरुको लागी हामीलाई क्षमा दिन उहाँ ………… लाई भन्नुहुन्छ ।


१६. ……….. र जिउँदाहरुको लागी न्याय गर्न उहाँ फेरि आउनुहुनेछ ।

१७. मानिसहरु उहाँमा ………. गर्छन वा गर्दैनन भन्ने कुरा तिनीहरुको जीउने कुराद्धारा उहाँ प्रमाणित गर्नुहुनेछ ।

१८. यो कहिले हुनेछ भन्नेकुरा …………… मात्र जान्नुहुन्छ ।

१९. हामीले सधैं समयमा …………. रहनुपर्छ ।

तपाइँको उत्तर पेज नं. ९९ मा जाँच्नुहोस् ।



फिलीपले इथियोपियाको मानिसलाई बप्तिस्मा दियो ।

अध्याय ५

# पवित्र आत्मा परमेश्वर

जब तपाइँ मानिसहरुलाई सत्यकुरा बताउनुहुन्छ, तपाइ तिनीहरुले तपाईमा विश्वास गरेको चाहानुहुन्छ । विषेगरि जब महत्वपुर्ण कुरा हुन्छ अनि तिनीहरुले विश्वास गरेको तपाइँ चाहानुहुन्छ । एउटा पुरुष वा स्त्री अपराधको जाँचबुझको लागी न्यायालयमा हुन्छ, उनी "मैले यो गरिन" भन्ने कुरामा सबैले साँच्चै बिश्वास गर्नुहोस् भन्नेकुरा तिनी चाहन्छन् । तपाई तिनीहरुको भित्री भावना सम्म पुग्न चाहनुहुन्छ, र तपाइँमा विश्वास गर्ने बनाउनुहुन्छ ।

उहाँको वचनमा परमेश्वर हामीलाई जे भन्नुहुन्छ त्यो अति महत्वपुर्ण छ । उहाँ हामीले यसमा विश्वास गरेको चाहनुहुन्छ किनकि यदि हामी विश्वास गर्छौ भने हामी स्वर्गमा जानेछौं । यो उहाँको लागि अति महत्वपुर्ण छ र जे तपाइँ जेगर्न मनपराउनु हुन्छ उहाँले तपाइँको लागि गर्नुहुन्छ । उहाँ मानिसहरुको शिर र हृदयभित्र पुग्नुहुन्छ र तिनीहरुलाई विश्वासमा फर्काउनुहुन्छ ।

यो त्यहि कार्य हो जुन हामी गर्ने बिचार गर्दछौ, यो पवित्रआत्माको कार्य हो । प्रेरितहरुको  बिश्वासको सारको तेस्रो रचना पवित्र आत्माको बारेमा छ । यो रचनाले उहाँको हुनुहुन्छ र उहाँले के गर्नुहुन्छ भन्ने बारेमा बताउँछ । तेस्रो रचनाले उहाँ जे गर्नुहुन्छ त्यसको परिणामको बारेमा पनि बताउँछ । यो अध्यायमा हामी पवित्र आत्माको कामको बारेमा अध्ययन गर्नेछौं । यस अध्यायको अन्तबाट तपाइँ भन्न सक्षम हुनुहुनेछ,

- कसरी पवित्र आत्माले मानिसहरुलाई बाइबलमा विश्वास गर्न प्रेरित गर्दछ,
- कसरी उहाँ हामीमा इसाईहरुको विश्वास राख्नुहुन्छ र
- जीवनको अन्त सम्म र शरीरको पुनर्जन्मबाट यसले हामीलाई के संकेत गर्दछ ।

**"म विश्वास गर्दछु पवित्र आत्मा माथि.....।"**

धेरै मानिसहरु बाइबलले जे भन्दछ त्यसमा विश्वास गर्दैनन् । बाइबलले भन्दछ परमेश्वरले संसार छ दिनमा सृष्टि गर्नुभयो, यस कुरामा तिनीहरु विश्वास गर्दैनन् । यसले भन्छ, परमेश्वर पुत्र मानवको रुपमा आउनुभयो, तिनीहरु यसमा विश्वास गर्दैनन् । बाइबलले भन्दछ, उहाँ संसारका पापको लागी मर्नुभयो, तिनीहरु यसमा विश्वास गर्दैनन् । यसले भन्दछ, येशू मृत्युबाट बौरीउठनुभयो अथवा उहाँ कुनै दिन संसारमा फेरी आउनुहुनेछ, तिनीहरु यसमा विश्वास गर्दैनन् ।

यो आश्चर्यको कुरा होईन । वास्तविकता चाहिँ, बाइबलले भनेको धेरै कुरामा विश्वास गर्न कठिन हुन्छ । हामी पूर्ण रुपमा खराब छौ भन्ने कुरा बिश्वास गर्न कठिन हुन्छ । तर बाइबलले भन्दछ, "ती सबै बरालिएका छन् तिनीहरु एकसाथ बेकम्मा भएका छन् । कसैले असल गर्दैन, असल गर्ने एकजना पनि छैन ।" (रोमी ३:१२) यो कुरा विश्वास गर्न कठिन हुन्छ कि एउटा मानिसको मृत्युले प्रत्येकका पापको मोल तिर्न सक्छ । तर बाइबलले भन्छ, "...उहाँका पुत्र येशूको रगतले हामीलाई सबै पापबाट सुद्ध पार्दछ ।" (१ यूहन्ना १:७) यो विश्वास गर्न कठिन छ कि एउटा मरेको व्यक्ति फेरी जीवनमा आउन सक्छ । तर बाइबलले हामीलाई भन्दछ, यी सबै कुरा येशूले गर्नुभयो ।

जहाँ पवित्र आत्मा भित्र आउनुहुन्छ, उहाँ मानिसहरुलाई अविश्वासीबाट विश्वासी तर्फ फर्काउनुहुन्छ । तपाईंले आफ्नै प्रकारले बाइबलका भनाईहरुलाई तपाइँ कहिल्यै

विश्वास गर्नुहुँदैन । तर पवित्र आत्माले तपाइँको हृदय र स्मरण शक्तिलाई परिवर्तन गर्नुहुन्छ । उहाँ आफ्नो पवित्र शक्ति प्रयोग गर्नुहुन्छ । तपाइँ पापी हुनुहुन्छ भन्ने कुरा उहाँ तपाइँलाई विश्वास गराउनुहुन्छ । परमेश्वर पुत्र तपाइँको पापको मोल तिर्न मर्नुभयो भन्ने विश्वास गराउनुहुन्छ । तपाइँ अब परमेश्वरको सन्तान हुनुहुन्छ भन्नेकुरा विश्वास गराउनुहुन्छ ।

१. धेरै मानिसहरु बाइबलले जे भन्दछ, त्यसमा..............गर्दैनन् ।

२. बाइबलले भन्दछ, धेरै कुराहरुमा विश्वास गर्न हामीलाई ........... छ ।

३. ........... ............... परमेश्वर हामीलाई विश्वासी बनाउन उहाँको पवित्र शक्तिको प्रयोग गर्नुहुन्छ ।

तपाइँको उत्तरहरु पेज नं.७६ को तल जाँच्नुहोस् ।

पवित्र आत्माले कसरी हामीलाई विश्वासी बनाउनुहुन्छ ? यो जादुद्वारा गरिएको होइन । पवित्र आत्माले यसो गर्न केही साधनहरुको प्रयोग गर्नुहुन्छ । तपाइँ उहाँको कामलाई एउटा घर बनाउने मान्छेको कामसँग तुलना गर्न

सक्नुहुन्छ । एउटा घर बनाउनेले काठको थुप्रोले मात्र, सिमेंटले, रङ ले र आश्चर्यजनक सामानहरुले एउटा घर बनाउँदैन् । उसले काठ काट्नलाई करौतीको प्रयोग गर्छ । काठलाई एकअर्का सित टास्न गर्न हथौडा र किलाको प्रयोग गर्दछ । रङ लगाउनको लागी बुरुसको प्रयोग गर्दछ ।

पवित्र आत्माले पनि हामीलाई इसाई बनाउन औजारहरुको प्रयोग गर्नुहुन्छ । त्यो प्रयोग गरिने औजार **सुसमाचार** हो । त्यो हाम्रो उद्धारकर्ताको बारेमा असल समाचार हो । सुसमाचार हामी कहाँ एक दुई प्रकारले प्रस्तुत गरिएको छ । एउटा चाहिँ परमेश्वरको वचन बाइबल द्धारा हो । बाइबलमा पवित्र आत्माले हामीलाई हामी पापी हौं र येशू हाम्रो उद्धारकर्ता हुनुहुन्छ भन्नेकुरा बताउनुहुन्छ । जब हामी बाइबल पढदछौं अथवा सुन्दछौं र यसलाई प्रचार गर्छौं अथवा सिकाउछौ, पवित्र आत्माले सुसमाचारको प्रयोगद्वारा हामीलाई विश्वासी बनाउनुहुन्छ । यदि हामी पहिल्य नै विश्वासी छौं भने यसले हाम्रो विश्वासलाई अझै बलियो बनाउनु हुन्छ ।

पवित्र आत्मासँग सुसमाचार प्रस्तुत गर्ने अरु दुईवटा तरिकाहरु छन् । हामी त्यसलाई धार्मिक विधि भन्दछौं । धार्मिक विधि भनेको केही कार्यहरुको लागि एउटा शब्द हो जुन पवित्र आत्माले हामीलाई हाम्रा पाप क्षमा गरिएका छन् र हामी परमेश्वरका सन्तान हौ, भन्नेकुरामा निश्चित

गराउनुहुन्छ । येशू ख्रीष्ट एक व्यक्ति हुनुहुन्छ, जसले ती धार्मिक विधिहरु पालन गर्न हामीलाई भन्नुभयो ।

ती धार्मिक विधिहरु मध्ये एउटा पवित्र बप्तिस्मा हो । बप्तिस्मामा त्रिएक परमेश्वरको नामबाट एउटा व्यक्तिमाथि पानीको प्रयोग गरिन्छ । यसै प्रकारले हामीलाई पवित्र आत्माले हाम्रा पापहरु धोइएकाछन् भन्ने विश्वास दिलाउनुहुन्छ । उहाँ हामी परमेश्वरका छोराछोरी हौं भन्ने विश्वास पनि दिलाउनुहुन्छ । जब हामी उहाँको नाममा बप्तिस्मा लिन्छौं यो एउटा अपनाउने कुरा अथवा स्वीकार गर्ने हो । यो अपनाउने कुराले, तपाइँ नयाँ आमा बुवाको नाम पाउनुहुन्छ । अब परमेश्वर हाम्रो पिता हुनुहुन्छ ।

अर्को धार्मिक विधि भनेको प्रभु भोज हो अथवा पवित्र पवित्र प्रभुभोज । यसमा हामी रोटी र दाखरससित येशूको शरीर र रगत प्राप्त गर्दछौ ।

यसप्रकार पवित्र आत्माले हामीलाई कसरी येशूको शरीर क्रुशमा टाँगियो र रगत बगेको थियो भन्ने कुराको सम्झना गराउनुहुन्छ । यस प्रकारले येशूले हाम्रो पापको लागी क्षमा जित्नुभयो । प्रभुभोज र पवित्र आत्माले

पेज नं.७४ को उत्तरहरुः १. विश्वास २. कठिन ३. पवित्र आत्मा

हामीलाई यो विश्वास दिलाउनुहुन्छ कि हामी प्रत्येकको पापको लागी उहाँले क्षमा जित्नुभयो ।

४. पवित्र आत्माले हामीलाई विश्वासी बनाउन ...........को प्रयोग गर्नुहुन्छ ।

५. हाम्रो क्षमाको बारेमा ............. असल समाचार हो ।

६. परमेश्वरको वचन .......... मा सुसमाचारले हामीलाई प्रस्तुत गर्दछ ।

७. सुसमाचार हामीलाई ............ मा पनि प्रस्तुत गरिएकोछ ।

८. ............ मा हाम्रा पापहरु धोइएको हामीलाई विश्वास दिलाउँछ ।

९. हामी ........ ......... को नामले बप्तिस्मा लिन्छौं ।

१०. यो हाम्रो उहाँको परिवारमा ............ हो, र अब परमेश्वर हाम्रो पिता हुनुहुन्छ ।

११. प्रभु ........... मा हामी रोटी र दाखरससित येशूको शरीर र रगत प्राप्त गर्दछौं ।

१२. प्रभु भोजको अर्को नाम ........ ............. हो ।

तपाइँको उत्तर पेज नं. ८० को तल जाँच्नुहोस् ।

**“म विश्वास गर्दछु,पवित्र इसाई मण्डलीमा, र सन्तहरुको सँगतीमा ...... ।”**

पवित्र आत्माले केही मानिसहरुलाई मात्र इसाई बनाउनुहन्न् । उहाँले अरबौं मानिसहरुलाई विश्वासमा ल्याउनुभएको छ । तिनीहरु सबैलाई उहाँ एक्लो छोड्नुहुन्न । उहाँ तिनीहरुलाई अरु सँग इसाईहरुलाई जम्मा गर्नुहुन्छ । ती जम्मा भएका इसाईहरुलाई हामी पवित्र इसाई मण्डली भन्दछौं । हामी पवित्र इसाई मण्डलीलाई सन्तहरुको सँगती पनि भन्दछौं । यहाँ संगतीको अर्थ जम्मा भएका मानिसहरु हुन् ।

तपाइँ पवित्र इसाई मण्डली कहाँ पाउनुहुन्छ ? वास्तबमा त्यो धेरै कठिन छैन । जहाँ तपाइँ सुसमाचार पाउनुहुन्छ त्यही यसलाई पाउनुहुनेछ । जब परमेश्वरको वचन प्रचार गरिन्छ र उहाँ धार्मिक विधिहरु दिइन्छ अनि पवित्र

आत्माले काम गर्नुहुन्छ । उहाँ अरु मानिसहरुलाई विश्वासी बनाउन कहिल्यै असफल हुनुहुन्न । परिणाम स्वरुप, पवित्र आत्माको जहाँ औजारहरु प्रयोग गरिन्छन् अनि पवित्र इसाई मण्डली त्यहाँ हुन्छ ।

हामीले सामान भुलहरुलाई त्याग्नुपर्छ । संसारमा धेरै प्रकारका मण्डलीहरु छन् । जो परमेश्वरको बारेमा एउटै बिश्वास गर्दछन् तिनीहरु एकसाथ भेला हुन्छन् । यस्तो प्रकारका धेरै समूहहरु छन् किनकि तिनीहरुको बिचमा परमेश्वर र उहाँको बचनको बारेमा केहि असहमतीहरु छन् ।

पवित्र इसाई मण्डली एउटा मानव संगठन होईन । तपाइँ संसरमा कुनै एक मण्डलीलाई देखाएर “त्यो पवित्र इसाई मण्डली हो ।” भन्न सक्नुहुन्न् । पवित्र इसाई मण्डली साँच्चै परमेश्वर मात्र देख्न सक्नुहुन्छ । कसले सुसमाचारमा साँचो विश्वास गर्दछ, र कसले गर्दैन भन्नेकुरा परमेश्वरले मात्र देख्न सक्नु हुन्छ । तिनीहरु जसले पवित्र इसाई मण्डलीमा विश्वास गर्छन, पवित्र इसाई मण्डली सबै मानिसहरु हुन् जसलाई पवित्र आत्माले इसाई बनाउनु भएको छ ।

१३. पवित्र इसाई मण्डली ............ को जमघट हो ।

१४. एउटा साँचो इसाई को हो भन्नेकुरा.............. मात्र जान्नुहुन्छ ।

१५. जहाँ पवित्र आत्माका ................ पाईन्छन् त्यहाँ पवित्र इसाई मण्डली पाईन्छ ।

१६. जहाँ मानव निर्मित मण्डली छन् त्यहाँ परमेश्वर र उहाँको वचनमा धेरै ............ छन् ।

तपाइँको उत्तरहरु पेज नं.८२ को मुनी हेरेर जाँच्नुहोस् ।

**“म विश्वास गर्दछु, पापको क्षमामा.......।”**

पापको क्षमा के हो भन्नेकुरा धेरै मानिसहरु जान्दछन् । यसको मतलब यदि तपाइँ केही गलत गर्नुहुन्छ र कसैले तपाइँको विरुद्धमा यसो गर्नु हुँदैन भनेर रोक्नु हो । यदि तपाइँ कसैलाई आघात पुरयाउनुहुन्छ र उसले भन्छ कि कसैलाई आघात पुरयाउनु हुँदैन भन्ने निर्णय गर्छ र आफ्नो विरुद्धमा कसैलाई समात्नु हुँदैन । तपाई भन्न सक्नुहुन्छ, उसले तपाइँलाई क्षमा दिएको छ ।

पेज नं. ७७ र ७८ को उत्तर: ४. औजार ५. सुसमाचार ६. बाइबल ७. विधि ८. बप्तिस्मा ९. त्रिएक परमेश्वर १०. अपनाउनु ११. भोज १२. पवित्र सङ्गती



पिताले आफनो छोरालाई क्षमा गरयो, र घरमा स्वागत गरयो ।

परमेश्वर पापको क्षमा दिनुहुन्छ । तर यो मानिसले सोचे अनुरुप त्यति सजीलो थिएन् । जे भएपनि परमेश्वर सिद्ध हुनुहुन्छ । उहाँ सबै मानिसहरुको न्यायकर्ता पनि हुनुहुन्छ । एउटा सिद्ध न्यायकर्ताले नियमको कार्यान्वयन गर्दछ । यदि उहाँले कसैलाई पापमै राख्नुहुन्थ्यो भने उहाँ कहिल्यै सिद्ध हुनुहुँदैनथ्यो ।

त्यसैले, कसरी परमेश्वर हामीलाई हाम्रा पापबाट क्षमा गर्न सक्नुहुन्छ ? उहाँको आफ्नो व्यवस्था अनुसार त्यो व्यक्ति जसले पाप गर्दछ त्यसले दण्ड पाउनैपर्दछ । परमेश्वरले उहाँको पुत्रलाई हाम्रा पापहरुको लागी दण्डीत हुन पठाउनुभयो र परमेश्वरले समस्याको समाधान गर्नुभयो । येशूले हाम्रा पापको लागी कष्ट भोग्नुभयो र मर्नुभएको हुनाले हामीले दण्डीत हुनुपर्दैन । हाम्रा पापको लागी परमेश्वर हामीलाई क्षमा दिन सक्नुहुन्छ । र सिद्ध न्यायकर्ता हुनुहुन्छ ।

केहि मानिसहरु सँग त्यस्ता प्रश्नहरु छन् : येशू कसको पापको निम्ति मर्नुभयो ? के उहाँ विश्वासीहरुको लागी मात्र मर्नुभयो ? अथवा के उहाँ प्रत्येकको पापको लागी मर्नुभयो ? बाइबलले यसको जवाफ दिन्छ, एउटा पत्र जो येशूका चेलाहरु मध्ये एकजना द्वारा लेखिएको छ, यसले

पेज नं. ८० को उत्तरहरु: १३. विश्वासीहरु १४. परमेश्वर १५. ओजारहरु १६. असहमति

भन्दछ, “उहाँ हाम्रा पापका निम्ति प्रायश्चित हुनुहुन्छ, र हाम्रा निम्ति मात्र होईन, तर सारा संसारका पापका निम्ति पनि ।” (१यूहन्ना २:२) येशू मर्नु नभएको एउटा पाप पनि छैन । येशूले कष्ट नभोगेको कुनै एउटा पनि सजाय छैन । परमेश्वरले सारा संसारका पापहरु क्षमा गर्नुभएको छ ।

१७. ..............को अर्थ जब तपााइँले गल्ती गर्नुभयो, तपाइँको विरुद्धमा केही नगर्नु हो ।

१८. किनकी परमेश्वर ......... न्यायकर्ता हुनुहुन्छ, उहाँ कसैलाई पनि उसको दोषदेखि टाढा जान दिनुहुन्न ।

१९. पमेश्वरले हाम्रा पापको लागी दण्डीत हुन ............ पठाउनुभयो ।

२०. येशू सारा ............. को निम्ति प्रायश्चित हुनुभयो ।

२१. परमेश्वरले सारा ............ को पाप क्षमा गर्नु भएको छ ।

तपाइँको उत्तरहरु पेज नं. ८६ को मुनीतिर हेरेर जाँच्नुहोस् ।

त्यसोभए, के सम्पूर्ण संसार अब स्वर्गमा जानेछ ? दु:खाथ भन्नुपर्छ यसको उत्तर जाँदैनन् भन्ने हो । बाइबलले धेरै पटक भन्दछ, केही मानिस स्वर्गमा जानेछन् र अरु नरकमा जानेछन् । यदि उसका पापहरु क्षमा भएका छन् भने उ कसरी नरकमा जान सक्छ ?

यो सबै विश्वासमा भरपर्छ । के उ येशू उसको पापको लागी मर्नुभयो अथवा मर्नुभएन भन्नेकुरामा विश्वास गर्छ ? के उ येशूको पुनरुत्थानले हाम्रा पापहरु क्षमा गरिएका छन् भन्ने कुरामा विश्वास गर्दछ अथवा विश्वास गर्दैन ? तर बाइबलले भन्दछ, विश्वासीहरु मुक्त हुनेछन्, तर अविश्वासीहरु सदाको लागि दण्डीत हुनेछन् ।

सायद एउटा उदाहरणले यो प्रष्टयाउन मदत गर्नेछ । मानौं, कसैले तपाइँबाट केही चोरी गरयो । तपाइँ उसँग अति रिसाउनुहुन्छ र तपाइँ उसलाई पिटन चाहनुहुन्छ । तपाइँ उसलाई पिटनुहुन्छ भन्नेकुरा उसले जान्दछ, उसले तपाइँबाट टाढा रहने निर्णय गर्छ । उ तपाइँको नजिक जानेछैन, उसलाई थाह छ कि तपाइँ नजिकै हुनुहुन्छ ।

मानौं तपाइँ उसलाई क्षमा दिनुहुन्छ, तपाई आफै बिचार गर्नुहुन्छ "उसको विरुद्ध म कुनै कुरा गर्दैन ।" तपाइँले उसलाई पनि भन्नुहुन्छ । तपाइँ उसलाई एउटा पत्र लेख्नुहुन्छ । तपाइँ उसको साथीसँग भन्नुहुन्छ । तपाइँले उसलाई क्षमा दिनुभएको छ भन्नेकुरा प्रमाणित गर्नलाई एउटा उपहार दिनुहुन्छ ।

अब उसले तपाइँलाई विश्वास गर्दछ । अब उ तपाइँबाट भाग्ने कोशिष बन्द गर्नेछ । तपाइँ देखि डराउन बन्द हुनेछ । सबै कुरा राम्रै हुनेछ ।

यदि उसले तपाइँलाई विश्वास गर्दैन भने उसले तपाईबाट भाग्न जारी राख्छ । उ अझै तपाइँ सँग डराउने छ । तिमीलाई क्षमा गरिएको छ भन्ने तपाइँले लेखेको पत्र उ पढनेछैन । उ साथीहरुको कुरा सुन्ने छैन । उ तपाइँको उपहार स्वीकार गर्ने छैन ।

चाहे उ यसमा विश्वास गरोस वा नगरोस, तपाइँले उसलाई साँच्चिकै क्षमा गर्नुभएको छ । उसले तपाइँलाई विश्वास नगरुन्जेलसम्म यसले उसलाई कुनै असल गर्नेछैन । त्यसै प्रकारले, चाहे हामी यसमा विश्वास गरौं वा नगरौं, साँच्चिकै परमेश्वरले हामीलाई क्षमा गर्नुभएको छ । यदि हामी यसमा विश्वास गर्दैनौ भने, यसले हामीलाई कुनै असल गर्ने छैन । हामी परमेश्वरको वरिपरी हुन

चाहने छैनौं । हामी उहाँ सँग डराउने छौं । हामी उहाँको क्षमाको पत्र बाइबल पढन चाहने छैनौं । हामी उहाँले पठाउनु भएका पास्टर र अरु इसाई साथीहरुका कुरा सुन्ने छैनौं । उहाँ जहाँ हुनुहुन्छ हामी त्यहाँ हुन चाहने छैनौं । परिणाम स्वरुप हामी कहिल्यै स्वर्गमा प्रवेश पाउने छैनौं ।

तर पवित्र आत्माले हामीलाइृ विश्वासी बनाउन सक्नुहुन्छ । येशूले हाम्रोलागी जित्नुभएको पापको क्षमा हाम्रो लागी असल कुरा हो । तब हामी जान्दछौं कि हामी परमेश्वरका सन्तान हौं । हामी उहाँको वचन सुन्न खुसी हुन्छौं र यसको आज्ञा पालन गर्दछौं । हामी पास्टर र अरु इसाईहरुका कुराहरु सुन्दछौं । यो परमेश्वर र हामी बीचको मिलाप हो ।

२२. सारा संसारका पापहरु परमेश्वरद्वारा ...........गरिएका छन् ।

२३. चाहे हामी यसमा ......... गरौं वा नगरौं तर परमेश्वरले हाम्रा पापहरु क्षमा गर्नुभएको छ ।

२४. यदि हामी यसमा ............. गर्दैनौं भने यो क्षमाले हामीलाई कुनै असल गर्ने छैन ।

पेज नं. ८३ र ८४ को उत्तरहरु: १७. क्षमा १८. सिद्ध १९. येशू २०. संसार २१. संसार

२५. तर यदि हामी यसमा ............ गर्दछौं भने यो परमेश्वर र हामी बिचको मिलाप हुनेछ ।

तपाइँको उत्तरहरु पेज नं. ८८ को मुनितिर जाँच्नुहोस ।

**" म विश्वास गर्दछु, शरीरको पुनरुत्थान माथि र अनन्त जीवनमाथि ।"**

संसारमा हुने अन्तिम कुरा हामी प्रेरितहरुको सारमा उल्लेख गर्दछौं । बाइबलले स्पष्ट रुपमा हामीलाई भन्दछ, संसारको अन्त्य हुनेछ । येशू पृथ्वीमा फेरि आउनुहुनेछ । स्वर्गदुतद्वारा घेरिएर बादलमा उहाँ आउनुहुनेछ । उहाँ प्रत्येकलाई आदेश दिनुहुनेछ कि जीउँदा र मरेकाहरु उहाँको सामुन्य देखा पर्नेछन् ।

पुनरुत्थान शब्दको अर्थ मृत्युबाट उठनु हो । बाइबलले भन्दछ, जब येशू फरि आउनुहुनेछ, हुनुहुन्छ तब मरेका शरीरहरु उठनेछन । तिनीहरु नाश भएका छन् अथवा जलाईएका छन् अथवा समुद्रमा हराइएका छन् यो कुनै प्रसंग छैन । सबै मृत शरीरहरु उठनेछन् र येशू को सामुन्य देखापर्ने छन् ।

अविश्वासीहरु साँचो परमेश्वबाट टाढा भागेर सम्पूर्ण जीवन बिताउँछन । त्यो दिनमा तिनीहरु उहाँबाट सदाको लागि टाढा पठाईनेछन् । तर विश्वासीहरु सदाकोलागी

परमेश्वरसँग हुनेछन् । उहाँ यस संसारलाई नाश गर्नुहुनेछ र अर्को एउटा नयाँ सिद्ध संसार बनाउनु हुनेछ । त्यहाँ कुनै दु:ख कष्ट हुनेछैन । त्यहाँ कुनै उदासिनता हुनेछैन । कुनै अपराध हुने छैन र कुनै हानी हुने छैन । त्यहाँ मृत्यु हुने छैन । अनन्त जीवनलाई हामी स्वर्गको जीवन भन्दछौं ।

२६. अन्तिम दिनमा येशू ............ बाट पृथ्वीमा फेरि आउनु हुनुहुनेछ ।

२७. उहाँ जीवित र ............ हरु प्रत्येकलाइ उहाँको सामु बोलाउनु हुनेछ ।

२८. ............. शब्दको अर्थ मृत्युबाट उठनु हो ।

२९. परमेश्वर यस संसारलाई नाश गर्नु हुनेछ र नया अर्को .......... संसार बनाउनु हुनेछ ।

तपाइँको उत्तर पेज नं. ९० को मुनितिर हेरेर जाँच्नुहोस ।

पेज नं. ८६ र ८७ को उत्तर: २२. क्षमा दिईएको २३. विश्वास २४. विश्वास २५. विश्वास

# अध्याय पाँचको समालोचना

प्रत्येकले बाइबलाई विश्वास गर्दैनन् । बाइबलले सिकाउने धेरै कुरामा विश्वास गर्न कठिन छ । पवित्र आत्मा परमेश्वर हामी भित्र आउनुहुन्छ । उहाँ हामीलाई विश्वासी बनाउनुहुन्छ । हामी आफैद्वारा बाइबलको सत्यतामा कहिल्यै विश्वास गर्दैनौं ।

पवित्र आत्माले हामीलाई इसाई बनाउन जादुको प्रयोग गर्नु हुन्न् । उहाँ यसो गर्न आफ्ना औजार प्रयोग गर्नुहुन्छ । उहाँले प्रयोग गर्ने त्यो औजार सुसमाचार हो । त्यो येशू ख्रीष्टको बारेमा असल समाचार हो उहाँ हामीलाई बाइबलबाट सुसमाचार प्रस्तुत गर्नुहुन्छ । जब हामी त्यो पढछौं अथवा कुरा गरेको अथवा प्रचार गरेको सुन्दछैं, उहाँ हामीलाई धार्मिक विधिहरुबाट पनि सुसमाचार प्रस्तुत गर्नुहुन्छ ।

धार्मिक विधि पवित्र आत्माले प्रयोग गर्ने एउटा कार्य हो । पवित्र आत्माले हामीलाई हाम्रा पापहरु क्षमा गरिएका छन् र हामी परमेश्वरका छोराछोरी हौं भन्नेकुराको विश्वास दिलाउनुहुन्छ । धार्मिक विधिहरु मध्येको एउटा पवित्र बप्तिस्मा हो । बप्तिस्मामा त्रिएक परमेश्वरको नाउँमा एउटा व्यक्तिलाई पानीको प्रयोग गरिन्छ । बप्तिस्माले हाम्रा पापहरु धुन्छ र हामीलाई परमेश्वरका छोराछोरी बनाउँदछ । अर्को धार्मिक

विधि चाहिँ प्रभु भोज अथवा पवित्र संगती हो । प्रभु भोजमा हामी रोटी र दाखरस सित हामी येशूको रगत र शरीर प्राप्त गर्दछौं । प्रभु भोजले हाम्रो पापको मुल्य तिर्न उहाँले आफ्नो रगत बगाउनुभयो भन्नेकुराको प्रमाणित गर्दछ ।

परमेश्वर सबै विश्वासीहरुलाई पवित्र इसाई मण्डलीमा एकसाथ जम्मा गर्नुहुन्छ । यसलाई संगती अथवा एकसाथ भेलाहुनु पनि भनिन्छ । जहाँ पवित्र आत्माको औजार पाईन्छ, त्यहाँ पवित्र इसाई मण्डली पनि पाईन्छ । अन्तमा उहाँ मानिसलाई इसाई बनाउन सक्षम हुनुहुनेछ । मानव निर्मित मण्डलीहरु पनि छन् । ती मध्ये धेरै इसाईहरु परमेश्वर र उहाँको वचनको विचमा विवाद गर्दछन् ।

येशू संसारका पापहरुको निम्ति मर्नुभयो । चाहे तिनीहरु यसमा विश्वास गरुन वा नगरुन तर तिनीहरुका पाप क्षमा भएका छन् । तैपनि यदि तिनीहरुका पापको क्षमा भएको छ भन्नेकुरामा तिनीहरु विश्वास गर्दैनन् भने यसले तिनीहरुका निम्ति असल हुने छैन । तिनीहरुको परमेश्वरसँग मिलाप हुने छैन । तर जब पवित्र आत्माले तपाइँलाई एउटा विश्वासी बनाउनुहुन्छ तब तपाइँको मिलाप परमेश्वरसँग हुन्छ । तब येशूले जित्नुभएको क्षमाको विजय तपाइँको आफ्नो हुन्छ ।

पेज नं. ८८ को उत्तर: २६. बादल २७. मरेका २८. पुनरुत्थान २९. सिद्ध

अन्तिम दिनमा येशू पृथ्वीमा बादलबाट फेरि आउनुहुनेछ । उहाँ मृत शरीरलाई उठाउनु हुनेछ । यसलाई शरीरको पुनरुत्थान भनिन्छ । तिनीहरु जसले उहाँमा विश्वास गरेनन् तिनीहरु सदाको लागी दण्डीत हुनेछन् । तर विश्वासीहरु सधैं अनुग्रहित हुनेछन् । परमेश्वर तिनीहरुका निम्ति एउटा नया संसार बनाउनु हुनेछ । त्यहाँ कुनै पाप तथा अस्वस्थता अथवा मृत्यु हुनेछैन । यसलाई अनन्त जीवन भनिन्छ ।

## अध्याय पाँचको जाँच

१. धेरै मानिसहरु बाइबलले जे भन्दछ त्यसमा ..........गर्दैनन् ।

२. .......... ............ परमेश्वर हामीलाई विश्वासी बनाउनुहुन्छ ।

३. पवित्र आत्मा हामीलाई विश्वासी बनाउन औजारको रुपमा ............प्रयोग गर्नुहुन्छ ।

४. उहाँ हामीलाई बाइबलबाट सुसमाचार र ........ प्रस्तुत गर्नुहुन्छ

५. .......... मा हामी माथि त्रिएक परमेश्वरको नामले पानीको प्रयोग गरिन्छ ।

६. ........... मा रोटी र दाखरस सित येशूको शरीर र रगत प्राप्त गर्दछौं ।

७. पवित्र इसाई ................ले सबै विश्वासीहरुलाई जम्मा गर्दछ ।

८. जहाँ पवित्र पवित्र आत्मा पाईन्छ त्यहाँ पवित्र आत्माको ........ पाईन्छ ।

९. येशू ........... का पापको निम्ति मर्नुभयो ।

१०. येशू........का पापको निम्ति मर्नुभयो । परमेश्वरले पापहरु क्षमागर्नु भएको छ, चाहे तिनीहरु .......... गरुन वा नगरुन ।

११. ............ मात्र येशूले प्रत्येकको लागी जित्नुभएको क्षमा पाउँदछन् ।

१२. अन्तिम दिनमा ............ आकाशको बादलमा फिर्ताहुनुहुनेछ ।

१३. उहाँ ............. हरुलाई उठाउनुहुनेछ ।

१४. .......... परमेश्वरसँग रहन सदाको लागी लिईनेछन् ।

तपाईंको उत्तरहरु पेज नं. ९९ मा जाँच्नुहोस् ।

# ८२ शव्दावली

तपाइँले नजानेको शब्दको सूची

| | |
|---|---|
| **दुर्घटना** | संयोगवश हुनु |
| **क्रियाकलाप** | कसैले गर्नेकार्यहरु |
| **अपनाउनु** | कसैको बच्चालाई लिनु र आफ्नो आफनो बनाउनु |
| **प्रेरित** | १. पठाईएको व्यक्ति, |
| | २. येशूले उहाँको सन्देश पठाईएको व्यक्ति |
| **आगमन** | आउनु |
| **रचना** | प्रेरितहरुका सारको तीनभाग मध्य एउटा |
| **कलाकार** | रङ लगाउने वा तस्विर बनाउने व्यक्ति |
| **आरोहण** | माथि जानु, उक्लनु |
| **त्याग गर्नु** | कसैलाई छोडनु, केहि चिज छोडनु |
| **जन्मेको** | एउटा प्राकृतिक पुत्र, कसैले जन्माएको हाईन |
| **बाध्नु** | केही चिज जम्मा गरेर बाध्नु |
| **बाक्लो कपडा** | एक किसिमको लुगा |
| **जटिल** | धेरै भागहरु मिलेर बनाएको जटिल |

| | |
|---|---|
| **दोधार** | मनमा केहि कुराहरु मिसिनु |
| **विजयी** | एउटाले अर्कोलाई हराउनु |
| **गर्भवती** | बच्चा जन्माउने |
| **विश्वास दिलाउनु** | (यो साँचो हो भनि कसैलाई विश्वास दिलाउनु |
| **सृजना** | केहि चिज बनाउन सक्षम |
| **बिश्वासको सार** | एउटा विश्वास तपाइँको जीवन फरक बनाउँछ |
| | एउटा लिखित विवरण जसमा तपाइँ विश्वास गर्नुहुन्छ |
| **क्रुशमा टाँगिनु** | क्रुशमा झुण्डयाउनु र मर्न दिनु |
| **विघटन गर्नु** | नाशगर्नु |
| **अवतरणगर्नु** | तल ओर्लनु |
| **आर्जनगर्नु** | केहि कुरा कमाउनु |
| **चेला** | अनुयायी |
| **अलग्याउनु** | कुनै कुरा एउटाबाट चिन्नु |
| **पवित्र** | परमेश्वर जस्तै |

| | |
|---|---|
| **विष्फोट** | एउटा धमाका, फुटनु टुक्रा हुनु |
| **बराबर** | समान |
| **बराबरी** | एक अर्को बराबर हुनु |
| **अनन्त** | शुरु र अन्त नहुनु |
| **प्रमाण** | सूचना र सहमतिको एउटा लिखित कथन वा विश्वास |
| **उत्साहपूर्ण** | कसैले खुसियालीको महशुस गर्नु |
| **सुसमाचार** | उद्धारकर्ताको बारेमा असल समाचार |
| **परिभ्रमण** | कुनै एक ठाउँमा हावामा डुल्नु |
| **पैत्रिक** | बुवाबाट छोरामा सर्नु |
| **परिचय** | आफुलाई चिनाउनु |
| **कल्पना** | केही विचार गर्नु |
| **संलग्न** | भाग लिनु |
| **स्मरण** | हृदयद्वारा केही सिक्नु याद गर्नु |
| **उल्लेख** | केही कुराको बारेमा बढाएर लेख्नु |
| **राष्ट्र** | देश |

| | |
|---|---|
| **नयाँकरार** | बाइबलको एउटा भाग जसलाई येशूका प्रेरितद्वारा लेखिएका हुन |
| **बिचार** | जे एउटा व्यक्तिले सोच्दछ |
| **पुनरुत्थान** | मृत्युबाट उठ्नु |
| **विनास** | पुरै नाश गर्नु |
| **धार्मिक** | बिधि पवित्र आत्माले हामीलाई हाम्रा पापहरु क्षमा भएका छन र हामी परमेश्वरका छोरा छोरी हौं भन्नेकुराको विश्वास दिलाउन गर्ने कार्य |
| **बलीदान** | परमेश्वरसँग केही चिजको अपर्णगर्नु |
| **बिवरण** | एउटा सूची भित्र शब्दहरु राख्नु |
| **उद्धारकर्ता** | त्यो मानिस जसले तपाइँलाई बचाउँछ, मुक्त गर्दछ |
| **सपथलिनु** | तपाइँले भनेको कुरा सत्य हो भनि सपथ लिनु |
| **कार्य** | केही काम गर्न आवश्यक हुनु |

**साक्षी** भएको देख्ने वा सुन्ने मानिसको विवरण

क्रमिक बिकाशको सिद्दान्त

संसारको विकास आफै हुनआएको हो

भन्ने विचार

**त्रिएक** परमेश्वर तिनवटा व्यक्तित्व जसलाई एउटा

नाम बाट उल्लेख गरिन्छ ।

**सम्पूर्ण संसार** अन्तरिक्ष र संसार सबै

**असामान्य** केही चीज साधारण नभएको

**अस्पष्ट** राम्रोसँग नबुझिने

**कन्या** जसले कहिल्यै शारीरिक सम्बन्ध नगरेकी केटी

# ०२ अध्यायका जाँचहरुका उत्तरहरु

**अध्याय एक**

१. विश्वास २. लेखिएको ३. परमेश्वर ४. बाह्र ५. येशू ६. संसार ७. ईश्वर ८. नयाँकरार ९. बाइबल १०. स्मरण ११. विश्वासगर्नु १२. सेवाहरु १३. परिवार

**अध्याय दुई**

१. धेरै २. एक ३. पिता, पुत्र, पवित्रआत्मा ४. बाइबल ५. व्यक्तित्व ६. त्रिएक ७. बराबर ८. पुत्र ९. मृत १०. सृजना, सुरक्षा ११. उद्धार १२. विश्वास

**अध्याय तीन**

१. रचना २. ईश्वरीय ३. वचन ४. विस्तार ५. परमेश्वर ६. साक्षी ७. सुरक्षित ८. खाना, लुगा, बास ९. आदम १०. करङ ११. शासक १२. धन्यवाद १३. पाप १४. फलफुल १५. पाप १६. नाश १७. स्वर्ग १८. सदासर्वदा

**अध्याय चार**

१. अनन्त २. गर्भवती ३. मरियम ४. मर्नु ५. पन्तिस पिलातस ६. मर्नु ७. नर्क ८. तेस्रो ९. पुत्र १०. पापहरु ११. चिहानहरु १२. उक्लनु १३. पवित्र १४. सम्पूर्ण १५. पिता १६. मृत्यु १७. विश्वास १८. परमेश्वर १९. तयार हुनु

**अध्याय पाँच**

१. विश्वास गर्नु २. पवित्र आत्मा ३. सुसमाचार ४. धार्मिक विधि ५. बप्तिस्मा ६. प्रभुभोज ७. मण्डली ८. औजारहरु ९. संसार १०. विश्वास गर्नु ११. विश्वासीहरु १२. येशू १३. मृत्यु १४. विश्वासीहरु

# ८२ अन्तिम जाँच

तपाइँले अध्यायका जाँचहरुमा केही गल्ति गर्नुभएको छ भने त्यसलाई दोहरयाउनु होस । अध्यायको शुरुमा एउटा ताराले गरेको संकेतका लक्ष्यहरु पनि हेर्नुहोस्, जब तपाइँ निश्चित हुनुहुन्छ कि तपाइँले सबै लक्ष्यहरु जान्नुहुन्छ, तपाइँ जाँच लिन तयार हुनुहुन्छ ।

पूस्तक नहेरेर अन्तिम जाँच पुरागर्नुहोस् । जब तपाइँ सिध्याउनुहुन्छ, तपाइँलाई यो पूस्तक दिने व्यक्तिलाई दिनुहोस् अथवा यो पूस्तक पछाडी भएको ठेगानामा पठाउनुहोस । तपाइँ यस श्रेणीका अरु पूस्तकहरु मगाएर पनि पढ्न सक्नुहुन्छ ।

# ८२ इसाईहरु के विश्वास गर्छन ।

## अन्तिम जाँच

१. बिश्वासको सार शब्दको अर्थ तपाइँको ............ को लिखित कथन पनि हुन्छ ।

२. उहाँको सन्देश सारा संसारमा सुनाउन ......... येशूद्वारा चुनिएका मानिस थिए ।

३. प्रेरितहरुको बिश्वासको सार ......... गर्न छोटो र सजिलो छ ।

४. बाइबलले हामीलाई भन्दछ कि परमेश्वर ......... मात्र हुनुहुन्छ ।

५. परमेश्वर एउटा परमेश्वर हुनुहुन्छ तर ......... व्यक्तित्वमा पनि हुनुहुन्छ ।

६. परमेश्वर ती तिनवटा व्यक्तित्वमा हुनुहुन्छ, ............ ........... .............. मा हुनुहुन्छ ।

७. सृष्टि र संरक्षणमा हाम्रो सबै कुराको सम्बन्ध .............सँग छ ।

८. हाम्रा पापबाट हाम्रो उद्धारको ............सँग हाम्रो सम्बन्ध छ ।

९. परमेश्वरमा विश्वास गर्न .......... हाम्रो ................ ............. सँग सम्बन्ध छ ।

१०. परमेश्वरले उहाँको ............. को शक्तिद्वारा सारा संसार सृष्टि गर्नुभयो ।

११. उहाँले पहिलो मानिस आदमलाई जमिनको ........... बाट बनाउनुभयो ।

१२. हाम्रो पापको कारणले .......... र बिनाशले परमेश्वरको सिद्ध संसारमा प्रवेश गरयो ।

१३. .......... नाम गरिएकी कन्या केटी येशूकी आमा थिईन् ।

१४. हाम्रा पापका लागी ........... येशू संसारमा आउनुभयो ।

१५. येशूको मृत्युबाटको पुनरुत्थानले प्रमाणित गर्दछ कि हाम्रा सबै ............. को मोल तिरिएको छ ।

१६. येशूको पुनरुत्थानले प्रमाणित गर्दछ कि उहाँ साँचो ....................हुनुहुन्छ ।

१७. येशूको पुनरुत्थानले प्रमाणित गर्दछ कि हामी पनि हाम्रा ................ बाट उठ्नेछौं ।

१८. पवित्र आत्माले हामीलाई विश्वासी बनाउन सुसमाचार ............. को रुपमा प्रयोग गर्नुहुन्छ ।

१९. सुसमाचार हामीलाई वचनमा र .......... मा प्रस्तुत गरिएको छ ।

२०. बप्तिस्मामा............. ले त्रिएक परमेश्वरको नामले हामीमाथि पानीको प्रयोग गर्छन् ।

२१. प्रभुभोजमा हामी रोटी र दाखरस सित येशूको ............ र ......... प्राप्त गर्दछौं ।

२२. जहाँ पवित्र आत्माका औजारहरु पाईन्छन् त्यहाँ पवित्र इसाई ............ पाईन्छन् ।

२३. चाहे तिनीहरु विश्वास गरुन वा नगरुन परमेश्वरले ........... सारा........... पापहरु क्षमा गर्नुभएको छ ।

२४. ......... ले जित्नुभएको क्षमा विश्वासीहरु मात्र पाउँछन् ।

२५. .......... दिनमा येशू आकाशको बादलमा फर्किनुहुनेछ ।

२६. विश्वासीहरुलाई .......... को लागी परमेश्वरसँग रहन लगिने छ ।

कृपया निम्न विवरण लेख्नु होला :

नाम ......................................................

ठेगाना ...................................................

कृपया यो पाठ्य सामग्रीबारे आफ्नो मन्तव्य व्यक्त गर्नुहोला ।

बाइबल शिक्षाहरुको श्रेणी

*यस श्रृंखलाका अरु पुस्तक हरु:*

येशु नै  ख्रिष्ट हुनुहुन्छ

बाइबल हाते पुस्तिका

परमेश्वरको महान सट्टा भर्ना

येसु ख्रिष्टको मृत्यु र पुनरउत्थान

क्रिस्तयनहरु के बिश्वास गर्दछन

संसारको लागि परमेश्वरको योजना

संघर्षशिल अवतार

येशुले सिखाउनिभएको वचन हरु

बाच्नको लागी स्वतन्त्र

येशु परमेश्वरहुनुहुन्छ नराम्रो लत  होईन

तपाई फेरि जन्मिनु पर्छ

परमेश्वरको व्यबस्था

**बाईबल शीक्षाको श्रेणीको थप पुस्तकहरु चाहिएमा पछाडि को पेजमा दिईएको ठेगानामा पत्राचार गर्नुहोस**

अरु जानकारिको लागि

पत्राचार गर्ने ठेगाना:

SLP NEPAL
पो.ब. नं. घ ( तीन)
ध.न.पा. छ तारानगर, कैलाली
शुदुर पश्चिम नेपाल

Multi-Language Productions
Bringing the Word to the World

What Christians Believe - Nepali
Bible Teachings Series
MLP Catalog Number: 383423